मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक १७५ | २०८१ साल जेठ ०२ गते बुधबार | Wednesday 15, May 2024 | सूर्योदयः बिहान ५:१७ बजे | सूर्यास्तः साँझ ६:४६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## रक्सौलमा १२ वर्षीया बालिकामाथि सामुहिक बलात्कार

**मधेशदृष्टि**
**वीरगंज ।**
भारत, बिहारको रक्सौलमा सामुहिक बलात्कारको घटना बाहिरिएको छ । जहाँ १२ वर्षीया बालिकामाथिको पाशविक घटना बाहिर आएको छ । बालिकामाथि सामुहिक बलात्कार भएको छ । मानव समाजलाई नै लज्जित पार्ने घटनाले सबैलाई स्तब्ध बनाएको छ ।

१२ वर्षीया बालिकालाई लागुऔषधको सुई लगाएर चार दिनसम्म सामुहिक बलात्कार गरी घटनाबारे कसैलाई बताए ज्यान मार्ने धम्की दिएर परिवारलाई छाडिएको घटना बाहिर आएको हो । तर, पीडितकी आमा र मामाले साहस देखाउँदै यो विषय प्रहरीमा पु¥याएपछि घटना बाहिर आएको हो ।

घटनाविवरणअनुसार, रक्सौल थानाक्षेत्र अन्तर्गतको हरदिया पञ्चायतको वडा नम्बर ५ का सलाउद्दिन अन्सारीका छोरा सोहेल अन्सारी र उनका सहयोगी नवका टोलाका जितेन्द्र कुमारले गत बिहीबार नाबालिग बालिकालाई जबर्जस्ती करणी गरेका थिए । रक्सौलबाट ९ जना अपहरण भएका थिए । पहिले रक्सौलको बाइपासमा सञ्चालित चप्पल कारखानाको घरमा राखेर आवाज निकाल्न नदिन उनलाई बेहोस हुने सुई लगाएर सामूहिक बलात्कार गरिएको थियो ।

अस्पताल स्रोतका अनुसार होस आउनेबित्तिकै सुई लगाइएको पीडितले बताएकी छिन् । पीडित युवतीलाई ४ दिनसम्म यस्तो घटनामा सरिक गराएपछि आइतबार साँझ रामगढवामा ल्याएर परिवारलाई खबर गरेर छोरी लैजान भनिएको थियो । परिवारले बालिकालाई घर लगेका थिए । उनीहरुलाई कसैलाई केही बताए मारिने धम्की दिइएको थियो । पीडित बालिका आइतबार साँझ घर पुग्दा उनको गुप्तांगबाट अत्यधिक रक्तश्राब भइरहेको थियो । छोरीमाथि भएको क्रुरता देखेर आमाले हिम्मत जुटाएर रक्सौल प्रहरी चौकीमा लगेकी थिइन् ।

प्रहरीले तत्कालै घटनाको जानकारी लिएको र पीडितको अवस्था लगातार नाजुक बन्दै गएको देखेर उपचारका लागि उपविभागीय अस्पताल लगिएको थियो, त्यसपछि पीडितलाई राम्रो उपचारका लागि मोतिहारी र पछि मुजफ्फरपुर रिफर गरिएको थियो । हाल, पीडित महिलाको एसकेएमसिएच अस्पतालमा उपचार भइरहेको छ, जहाँ उनको अवस्था गम्भीर रहेको बताइएको छ । यता प्रहरीले छापा मारेर अभियुक्त जितेन्द्र कुमारलाई पक्राउ गरी न्यायिक हिरासतमा पठाएको छ भने यस सम्बन्धमा रक्सौल थानामा मुद्दा नम्बर १६७–२४ दर्ता गरी फरार अभियुक्त र सहयोग गर्ने व्यक्तिको खोजी भइरहेको छ ।

प्रहरीले मुद्दा दर्ता गरी आवश्यक कारबाही अगाडि बढाएको प्रहरी चौकी प्रमुख राजीव नन्दन सिन्हाले बताए । डिएसपी धीरेन्द्र कुमारले थप केही सुराक फेला परेको र त्यसका आधारमा कारबाही भइरहेको बताए । यो घटनाले शहरलाई लज्जित तुल्याएको छ, रक्सौलमा यस्तो घटना पहिलो पटक भएको हो र बाहिर आएको हो । तर प्रहरी यसमा निकै सक्रिय रहेको देखिएको छ । यो घटनाले प्रश्न उठेको छ कि भारतको दिल्लीको निर्भया काण्डपछि दोषीलाई फाँसी दिइएको थियो, त्यस्ता क्रुरहरूले कहिले बुझ्लान्, यो भन्दा ठूलो कानून के बन्ने ? आखिर, त्यस्ता मानिसलाई कहाँबाट साहस जुटाउँछन् यस्तो कुकर्म गर्न र तिनीहरूको संरक्षक को हुन् ? त्यस्ता मानिसका कारण सिंगो समाज, शहर र मानव समुदाय नै बदनाम र कलंकित भएको छ ।

भारतको निर्भया बलात्कार काण्ड सम्झाउने गरी सीमावर्ती रक्सौलमा १२ वर्षीया नाबालिकामाथि सामुहिक बलात्कारको घटना सार्वजनिक भएपछि सिंगो रक्सौलका बासिन्दा आक्रोशित भएका छन् ।




## नीति तथा कार्यक्रममा परेन चिनी कारखाना र रंगशाला

**मधेशदृष्टि**
**वीरगंज ।**
मंगलबार सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा बन्द उद्योग पुनः सञ्चालनको विषय दोहो¥याए पनि मधेश प्रदेशमा चल्न सक्ने सम्भावना रहेको वीरगंज चिनी कारखानाबारे कुनै सम्बोधन भएन । राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको सरकारको आगामी वर्षको नीति तथा कार्यक्रममा चिनी कारखानाले प्रवेश नपाएको हो ।


तस्वीरः फाइल

बन्द उद्योग, कलकारखाना सञ्चालन र व्यवस्थापन गर्ने निजी लगानी कम्पनीलाई प्रोत्साहन गरिने सरकारको नीति तथा कार्यक्रम भए पनि चिनी कारखानाबारे मौन रहेको हो । सरकारले गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, हेटौँडा कपडा उद्योगलगायतका बन्द तथा रुग्ण सार्वजनिक संस्थान सम्भाव्यताको आधारमा सार्वजनिक–निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गर्ने दोहो¥याउँदा चिनी कारखाना छुटेको हो । चिनी कारखाना सञ्चालनबारे सरकार नबोल्दा पर्सा, बारा र रौतहटका किसानले सरकारसँग खास अपेक्षा गर्न सकेनन् । २०५९ देखि बन्द चिनी कारखाना पुनः सञ्चालनका लागि यसअघिका सरकारका अर्थ ,उद्योग र कृषि मन्त्रीहरुले पटकपटक वीरगंज आएर पुनःसञ्चालनको प्रतिवद्धता जनाएका थिए । चिनी कारखाना सञ्चालन सरकारको प्राथमिकताको विषय भन्ने गरेका थिए ।



सोमबार मात्रै स्वास्थ्यमन्त्री बनेका पर्साकै प्रदीप यादव, सांसदहरु अजय चौरसिया, प्रभु हजारालगायतका सांसदहरुले वीरगंज चिनी कारखाना पुनः सञ्चालनका लागि संसदमा पटकपटक आवाज उठाएका थिए । २०८० वैशाख ७ गते उखु किसानले काठमाडौँ पुगेर चिनी कारखाना पुनः सञ्चालन माग गर्दै तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाललाई ज्ञापनपत्र पनि बुझाएका थिए ।

सरकारको नीति तथा कार्यक्रमले वीरगंजबासीसँगै मध्ये तराइका तीन जिल्लाका किसानलाई निराश बनाएको वीरगंज चिनी कारखाना सञ्चालन समितिका पूर्व अध्यक्ष हरि गौतमले बताए ।

चिनी कारखानजस्तै, देशकै दोस्रो ठूलो वीरगंजस्थित नारायणी रंगशालाको जीर्णोद्वार र स्तरोन्नतिबारे पनि सरकारको नीति तथा कार्यक्रममा केही उल्लेख छैन । केही समयअघि मात्रै युवा तथा खेलुकद मन्त्री विराजभक्त श्रेष्ठ वीरगंज आएर रंगशाल स्थलगत निरीक्षण गरेका थिए । सांसद प्रदीप यादव, सांसद अजय चौरसिया, प्रभु हजारा र राजकुमार गुप्ताले नारायणी रंगशाला जीर्णोद्वार र स्तरोन्नतिबारे बारम्बार संसद बैठकमा आवाज उठाएका थिए ।

## क्रिकेटर सन्दीपको मुद्दा हेर्दाहेर्दैमा

**मधेशदृष्टि**
**वीरगंज ।**
क्रिकेटर सन्दीप लामिछानेविरुद्ध दायर भएको जबर्जस्ती करणीसम्बन्धी मुद्दा मंगलबार हेर्दाहेर्दैमा राखिएको छ । उच्च अदालत पाटनमा जारी बहस नसकिएपछि हेर्दाहेर्दैमा राखिएको हो । अग्राधिकार पाएको हुँदा मुद्दाको पालो १ नम्बरमा नै थियो र न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेतीले समयमै इजलास खोलेर सुनुवाइ थालेका थिए ।

बिहान करिब ११ बजेबाट बहस शुरु भयो । शुरुमा जाहेरीकर्ता गौशाला २६ का तर्फबाट दुई सरकारी वकिल रत्नकेशरी महर्जन र प्रकाश घिमिरेले बहस गरे । त्यसपछि सन्दीपका वकिलहरुको बहस शुरु भयो । सन्दीपको पक्षबाट वरिष्ठ अधिवक्ता शम्भु थापा, रमण श्रेष्ठ, रामनारायण बिडारी, मुरारी सापकोटा, कृष्ण सापकोटा र रोशनी पौडेलले बहस गरे । त्यसपछि फेरि गौशाला २६ का निजी वकिलहरुको बहस शुरु भयो । गौशाला २६ ले आधा दर्जनभन्दा बढी निजी वकिल राखेकी थिइन् । उनीहरुमध्ये तीन जनाले बहस गरे । सन्दीपका तर्फबाट मुख्य वकिल सरोज घिमिरे, वरिष्ठ अधिवक्ता सविता भण्डारी र वरिष्ठ अधिवक्ता अमिता सैंजुले बहस गर्न बाँकी छ ।



यसैगरी, गौशाला २६ का तर्फबाट शशी अधिकारी र मोहना अन्सारीलगायत ४ जनाले बहस गर्न पाएका छैनन् ।

मंगलबार ७ बजेसम्म बहस सक्ने र ८ देखि साढे ८ सम्म फैसला गर्ने गरी अदालतले योजना बनाएको थियो । त्यही योजनाअनुसार बेलुका ५ बजेपछि पनि बहसलाई निरन्तरता दिइयो । फैसला मंगलबार नै गर्ने तयारी नगरिएको भए ५ बजे नै हेर्दाहेर्दैमा राखिन्थ्यो र इजलास बन्द हुन्थ्यो । तर, बहस १० बजेसम्म लम्बिने अवस्था देखियो । फैसला आउँदा मध्यरात हुन सक्थ्यो । अदालत बाहिर भिडभाड पनि थियो । सन्दीपका समर्थकहरु ठूलै संख्यामा जम्मा भइसकेका थिए । उनले सफाइ पाउने आशामा पञ्चेबाजासमेत तयारी अवस्थामा राखिएको थियो । तर, मध्यरातमा फैसला गर्दा गलत सन्देश जाने र जे फैसला आए पनि अवाञ्छित प्रतिक्रिया उत्पन्न हुन सक्ने भन्दै न्यायाधीशद्वयले मनस्थिति बदलेको अदालत स्रोतले बताएको छ । बहस जारी रहँदा मुद्दा हेर्दाहेर्दै राखिएको छ । बुधबार उनीहरुकै बहसबाट सुनुवाइ शुरु हुनेछ । त्यसपछि लामिछानेका तर्फबाट जवाफ दिइनेछ । जवाफ आएपछि न्यायाधीशद्वयले फैसला सुनाउनेछन् । यसअघि जिल्ला अदालत काठमाडौँले लामिछानेलाई बलात्कारमा दोषी ठहर गर्दै ८ वर्ष कैद र जरिवानाको फैसला सुनाएको थियो । फैसलामा चित्त नबुझाउँदै सरकार र लामिछाने दुवै उच्च अदालत पाटन आएका थिए ।

## दश महिनामा ६० प्रतिशत बजेट खर्च

**मधेशदृष्टि**
**वीरगंज ।**
चालु आर्थिक वर्षको १० महिनामा सरकारको बजेट खर्च ६० प्रतिशत हाराहारी देखिएको छ । महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार वैशाख मसान्तसम्ममा वार्षिक विनियोजनको ६० दशमलव ३५ प्रतिशत अर्थात् १० खर्ब ५६ अर्ब ८९ लाख २४ हजार रुपैयाँ बराबर खर्च भएको जनाएको छ । सरकारले चालु आर्थिक वर्षका लागि १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँ बराबरको बजेट ल्याएको थियो ।

वैशाख मसान्तसम्ममा चालुतर्फ वार्षिक विनियोजनको ६५ दशमलव ९१ प्रतिशत खर्च भएको छ । चालु शीर्षकमा ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख रुपैयाँ बराबर वार्षिक विनियोजन भएकामा हालसम्म सात खर्ब ५२ अर्ब ५५ करोड ७३ लाख रुपैयाँ बराबर खर्च भएको छ ।

पुँजीगत शीर्षकमा तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबर वार्षिक विनियोजन भएकामा वैशाख मसान्तसम्म वार्षिक लक्ष्यको ३७ दशमलव ०४ प्रतिशत अर्थात् एक खर्ब ११ अर्ब ८८ करोड २९ हजार रुपैयाँ बराबर खर्च भएको छ ।

त्यसैगरी, वित्तीय व्यवस्था शीर्षकमा ६२ दशमलव ६ प्रतिशत खर्च भएको छ । यो शीर्षकमा तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख रुपैयाँ बराबर विनियोजन भएकामा वैशाख मसान्तसम्ममा एक खर्ब ९२ अर्ब ४५ लाख २२ हजार रुपैयाँ बराबर खर्च भएको हो । सो अवधिको कुल सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ५८ दशमलव दुई प्रतिशत छ । चालु आवमा १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ रुपैयाँ बराबर राजस्व उठाउने लक्ष्य रहेकामा वैशाख मसान्तसम्ममा आठ खर्ब ५७ अर्ब दुई करोड ८० लाख रुपैयाँ बराबर संकलन भएको छ । कर राजस्वतर्फ १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख रुपैयाँ बराबरको वार्षिक लक्ष्य रहेकामा हालसम्म ५७ दशमलव २१ प्रतिशत अर्थात् सात खर्ब ४६ अर्ब ८३ करोड २८ लाख रुपैयाँ बराबर उठेको छ ।

त्यस्तै, गैरकर राजस्वतर्फ एक खर्ब १७ अर्ब छ करोड २१ लाख रुपैयाँ बराबर लक्ष्य रहेकामा ७२ दशमलव सात प्रतिशत अर्थात् ८५ अर्ब १० करोड चार लाख रुपैयाँ बराबर संकलन भएको छ ।

त्यस्तै, ४९ अर्ब ९४ करोड ३० लाख रुपैयाँ बराबर वैदेशिक अनुदान लिने सरकारी लक्ष्य रहेकामा हालसम्म लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अर्थात् दुई अर्ब ७५ करोड ८० लाख रुपैयाँ बराबर अनुदान लिइएको छ ।

# गरुडामा छडके अनुगमन



मधेशदृष्टि
रौतहट ।
गरुडा नगरपालिकाले वडा नम्बर २, गेढहिगुठी र वडा नम्बर ३, मलाही टोलको स्वास्थ्य चौकी तथा वडा कार्यालयमा मंगलबार छडके अनुगमन गरेको छ ।
गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहम्द मुस्ताक आलमको नेतृत्वमा कर्मचारी हाजिरी छड्के तथा कार्यालय सञ्चालन अनुगमन गरिएका हो ।
मलाही स्वास्थ्य कार्यालयका २ जना कर्मचारी उपस्थित नरहेकोले स्पस्टिकरणसहित आवस्यक कारबाही हुने प्रशासन प्रमुख धिरेन्द्र यादवले जानकारी दिए ।
अनुगमनमा वडा नम्बर २ का अध्यक्ष कृष्णन्दन सहनी, वडा नम्बर ३ का अध्यक्ष अम्बिका सहनीको उपस्थिति थियो ।

# कक्षा कोठामा बिजुली बत्ति जडान




मधेशदृष्टि
वीरगंज ।
वीरगंज महानगरपालिको एक विद्यालयका कक्षा कोठाहरुमा बिजुली बत्ति जडान गरिएको छ ।
महानगरपालिकाको वडा नम्बर ७ गहवास्थित एक विद्यालयका कक्षा कोठाहरुमा बिजुली बत्ती जडान गरेको हो ।
उपकार सेवा नेपाल नामक संस्थाको आर्थिक सहयोगमा सोमबार माइस्थान बाल विद्या मन्दिर इन्दु लाखे निम्न माध्यमिक विद्यालयमा बिजुली बत्ती जडान गरेको हो ।
विद्यालयको दश वटा कोठामा वाइरिङ्ग गराएर बिजुली बत्ति जडान गरेको सामाजिक अभियान्ता प्रकाश थारुले जानकारी दिए ।
उक्त विद्यालयमा शिशु कक्षादेखि ८ समकक्षा ३२५ जना विद्यार्थीहरुलाई अध्यारो कोठामा पठनपाठन गर्न समस्या भइरहेको थियो । सोही समस्यालाई सम्बोधन गर्ने गरी कक्षा कोठामा बत्ती जडान गरेको उनले बताए । विद्यालय प्राङगणमा एक कार्यक्रमको आयोजना गरी संस्थाकी अध्यक्ष विद्या कुमारी सरावगी र सदस्यद्वय सुमन बगेडिया र अंकुर शर्माले प्रधानाध्यापक रामाधार प्रसाद साह, विद्यालयका शिक्षक शिक्षिका, स्थानीय अभिभावक र बालबालिकाहरुको सहभागिता थियो ।

# आगलागी प्रभावितलाई राहत वितरण

मधेशदृष्टि
वीरगंज ।
जिल्ला प्रहरी कार्यालय पर्साले आगलागी प्रभावितलाई राहत वितरण गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १७ अलौका आगलागी प्रभावितलाई खाद्यान्न सामग्री वितरण गरिएको हो । आगलागीबाट प्रभावित भएका सात घरपरिवारलाई प्रति घर एक बोरा चामल, दाल, आलु, प्याज, चिनी, नुन, आटालगायतका खाद्यान्न सामग्री वितरण गरिएको वडा नम्बर १७ का वडाध्यक्ष सञ्जिव बहादुर क्षेत्रीले जानकारी दिए ।
अस्थाई प्रहरी कार्यालय सिर्सियासँगै वडा नम्बर १७ को वडा कार्यालयले संयुक्त रुपमा राहत वितरण गरेका हुन् । राहत वितरणका क्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, सिर्सिया प्रहरी चौकीका सई सुनिल पनेरु, वडा सदस्य नेशार अहमद, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पर्साका अध्यक्ष सुमेश्वर उपाध्याय, नेपाली कांग्रेसका बुथ कमिटी सभापति शिवओम लामिछाने लगायतको सहभागिता थियो ।

# कम्युनिष्ट आदर्शलाई अवलम्बन गर्नुपर्छः नेपाल

रासस
काठमाडौं ।
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले देशको विकास तथा जनताको समृद्धिका लागि माक्र्सवादी चिन्तनसहितको कम्युनिष्ट आदर्शलाई अवलम्बन गर्नुपर्ने बताएका छन् । मुलुकमा राजनीतिक परिवर्तनका लागि कम्युनिष्ट आन्दोलनको भूमिका महत्वपूर्ण रहेको उनले उल्लेख गरे ।
एकीकृत समाजवादीको मंगलबार यहाँ सुरु भएको केन्द्रीय कमिटी बैठकको उद्घाटन गर्दै अध्यक्ष नेपालले बहुसंख्यक जनताको भरोसा रहेको कम्युनिष्ट पार्टीमा निजी स्वार्थ बढ्दै गएकाले विभाजन र पुनर्गठन गर्नुपरेको उल्लेख गर्दै आफ्नो पार्टी सङ्गठन विस्तार तथा पार्टी आधारभूत तहसम्म स्थापित गर्न आवश्यक रहेको बताए ।
मुलुकमा गरिबी न्यूनीकरण गर्न औद्योगिक क्रान्तिको खाँचो औँल्याउँदै उनले त्यसका लागि समाजवादी अर्थ व्यवस्थालाई कार्यान्वयनमा जोड दिए ।
पार्टीको आसन्न महाधिवेशनका लागि वैचारिक दृष्टिकोण, पार्टीको समाजवादी कार्यक्रम, र विधान प्रतिवेदनलाई अनुमोदन गर्न बोलाइएको बैठक यही जेठ २ गतेसम्म चल्ने छ ।
बैठकमा पार्टीको आन्तरिक विवाद र समसामयिक परिस्थितिबारे छलफल गरिने केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । नयाँ विधानका आधारमा आगामी असार १६ देखि २० गतेसम्म पार्टीले काठमाडौँमा राष्ट्रिय महाधिवेशन गर्ने तयारी गरेको छ ।

# सर्वोच्च अदालतमा अनलाइनबाटै मुद्दा दर्ता

रासस
काठमाडौं ।
सर्वोच्च अदालतमा मंगलबारदेखि अनलाइनमार्फत मुद्दा दर्ता र पेसीको सूचना स्वचालितरुपमा पठाउने प्रणालीको शुभारम्भ भएको छ । प्रधानन्यायाधीश विश्वभरप्रसाद श्रेष्ठले मंगलबार उक्त सेवाको शुभारम्भ गर्दै अनलाइनबाट मुद्दा दर्ता गर्न पाउँदा दुरदराजका मानिसलाई सहज, सरल र सुविधा हुने विश्वास व्यक्त गरे । सर्वोच्च अदालतको सूचना प्रविधि शाखाले तयार गरेको अनलाइनबाट मुद्दा दर्ता प्रणालीको बिस्तारै उच्च र जिल्ला अदालतमा पनि लागू गर्ने तयारी रहेको उल्लेख गर्दै प्रधानन्यायाधीश श्रेष्ठले यो उपलब्धिलाई सफल पार्नका लागि सबैले सहयोग गर्न आग्रह गरे ।
'सूचना प्रविधिले हामीलाई पारदर्शी बनाउँछ, सर्वसाधारण र दुरदराजका मानिसलाई न्यायमा पहुँचमा पु¥याउन यो प्रविधिको प्रयोग गरिएको हो' उनले भने, 'अनलाइनमा अब सबै रिट तथा मुद्दा दर्ता हुनेछ, यसलाई सफल पार्नुपर्छ ।'
उक्त प्रणालीको प्रयोगबाट मुद्दा दर्ता गर्न भौतिक रुपमा अदालतमा उपस्थित हुननपर्ने, अदालतभन्दा टाढा रहेरसमेत फर्महरूमार्फत अदालतमा मुद्दा दर्ता गर्न सकिने, मुद्दा दर्ता गर्न अदालतमा उपस्थित हुँदा लाग्ने समय तथा लागत न्यूनीकरण हुने अपेक्षा गरिएको छ ।
साथै, प्रणाली प्रयोग गरी मुद्दा दर्ता गर्दा प्रणाली प्रयोग गरेवापत कुनै शुल्क भुक्तानी गर्न नपर्ने, मुद्दा दर्तालगायतका काम क्रमशः कागजविहीन हुँदै जाने,



डिजिटल मिसिल निर्माण भई अभिलेख व्यवस्थापनमा सहजता आउने अपेक्षा अदालतले गरेको छ ।
उक्त प्रणाली लागू भएपछि अदालतमा भिडभाड कम हुने, अदालतमा सेवाग्राहीको भौतिक उपस्थिति न्यूनीकरण हुने अपेक्षा अदालतले गरेको छ । पेसीको सूचना स्वचालित रुपमा पठाउने प्रणाली कागजीरूपमा पेसीको सूचना पठाउँदा लाग्ने समय र जनशक्ति कटौती गर्न सहयोग पुग्ने, मितव्ययी रुपमा सेवा सञ्चालन गर्न सम्भव हुने अदालतले अपेक्षा गरेको छ ।
त्यस्तै, पेसीको सूचना पठाएको, पाएकोलगायतका विवरण प्रणालीमै रहने तथा जुनसुकै बेला प्रणालीबाटै हेर्न सकिने अवस्था हुँदा पेसी व्यवस्थापनमा सहजता आउने, इजलासको समय बचत हुने र अभिलेख व्यवस्थापन सहज हुने समेत विश्वास गरिएको छ ।

# सरकारको भनाइ एकातिर छ गराइ अर्कोतिरः कांग्रेस

रासस
काठमाडौं ।
प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र विपक्षी राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताहरूले नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८१÷ ८२ को वार्षिक नीति तथा कार्यक्रमको आलोचना गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलबाट मंगलबार सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत उक्त कार्यक्रमबारे सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै सो पार्टीका नेता एवं पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले सरकारको भनाइ र गराइमा आकाश जमिनको फरक रहेको टिप्पणी गरे । 'सरकारको भनाइ एकातिर छ, गराइ ठीक उल्टो छ । त्यसैले यो नीति तथा कार्यक्रम कार्यान्वयन हुन्छ भन्नेमा रतिभर विश्वास छैन ।'
सोही पार्टीका नेता एवं पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकलाई आशा जगाउने कुनै पनि विषयवस्तु नआएको बताए । 'यो परम्परागत छ । यसमा नयाँ उत्साह छैन । महत्वपूर्ण कुरा छुटेका छन् । विश्वव्यापी आर्थिक सङ्कटबाट परेको मारबाट मुलुकलाई माथि उठाउने ठोस नीति छैन । जनचासोका रुपमा रहेको सहकारी ठगीका कुरा पनि आएन' नेता कार्कीले भने ।
त्यसैगरी, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानेन्द्रबहादुर शाहीले नीति तथा कार्यक्रममा 'हुन्छ र गरिनेछ' भन्ने कुरा मात्रै सीमित रहेको जिकिर गर्दै रोजगारी दिने र कृषि प्रविधिलाई प्राथमिकता दिने नीति नभएको प्रतिक्रिया दिए ।

**नीति तथा कार्यक्रम उत्साहप्रदः एमाले**

सत्तारुढ नेकपा (एमाले) का नेता एवं सांसदहरुले सरकारको नीति तथा कार्यक्रम समग्रमा उत्साहजनक भएको प्रतिक्रिया दिएका छन् । संसद्को आजको बैठकपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै सो दलका प्रमुख सचेतक महेश बर्तौलाले नीति तथा कार्यक्रम समग्रमा उत्साहप्रद रहेको र कतिपय राम्रा कार्यक्रम उल्लेख भएको बताए । 'युवालाई रोजगारीसँग



जोड्ने र खेतीयोग्य जमिनलाई उपयोगको नीतिलाई प्रोत्साहित गरेको छ । विदेशबाट फर्किएका युवालाई उद्योगमा जोड्ने कार्यक्रम ल्याइएको छ', बर्तौलाले भने, 'छोरीहरुलाई सशक्तीकरण कार्यक्रम ल्याइएको छ । यी कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट आउँछ या आउँदैन भन्ने सवाल छ ।' उनले प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलाई लामो समयसम्म सदनमा अवरोध नगर्न पनि आग्रह गरे । यसैगरी एमालेका सचिव योगेश भट्टराईले सरकारको आगामी आवको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आफ्नो पार्टीको साथ रहने बताए । सांसद भट्टराईले हरेक नीति तथा कार्यक्रमको जोखिम यसको प्रभावकारी कार्यान्वयनमा हुने भएकाले कार्यान्वयनमा जोड दिनसकिए प्रस्तुत कार्यक्रम सकारात्मक सावित हुने टिप्पणी गरे ।
त्यसैगरी, अर्थमन्त्री वर्षमान पुनले वर्तमान सरकारको नीति तथा कार्यक्रम राम्रो आएको र त्यसलाई कार्यान्वयन हुने गरी बजेट आउने बताएका छन् । नीति तथा कार्यक्रमबारे सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै अर्थमन्त्री पुनले यसपटक विगतमा झैँ नीति तथा कार्यक्रम र बजेटको तालमेल नमिल्ने समस्या नरहने स्पष्ट पारे । 'विगतमा नीति तथा कार्यक्रम र बजेटको तालमेल मिलेन भन्ने गुनासो आउँथ्यो यसपटक त्यस्तो हुँदैन', अर्थमन्त्री पुनले भने, 'अहिले नीति तथा कार्यक्रम जे आएको छ, राम्रो आएको छ । यसैलाई समर्थन गर्ने गरी बजेट आउँछ र त्यो बजेटमार्फत यसको कार्यान्वयन हुन्छ ।'

# उद्योगमन्त्री र रोमानियाका राजदूतबीच भेटवार्ता

रासस
काठमाडौं ।
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र भारतको नयाँ दिल्लीस्थित नेपालका लागि रोमानियाका गैरआवासीय राजदुत ड्यानियला मरियाना सेजोनोभ तानेबीच मंगलबार शिष्टाचार भेटवार्ता भएको छ ।
मन्त्रालयमा भएको भेटवार्तामा सरकारका तर्फबाट मन्त्री भण्डारीले नेपालको सामाजिक तथा आर्थिक विकासमा निरन्तरको सहयोगका लागि रोमानिया सरकारप्रति आभार व्यक्त गरे । उनले भने, 'रोमानिया र नेपालबीच सन् १९६८ देखि कूटनीतिक सम्बन्ध रहेको छ, नेपाल सरकारले नेपाल र रोमानियाबीच विद्यमान यी सम्बन्धलाई मित्रता, सहयोग र जनताको सम्पर्कको बलियो बन्धन बनाउँछ ।' मन्त्री भण्डारीले नेपालले युरोपेली सङ्घ र अन्य मञ्चहरूमार्फत रोमानियाली सरकारबाट प्राप्त महत्वपूर्ण सहयोगीको उच्च रुपमा स्वीकार गर्ने राजदुत तानेसित बताए ।
मन्त्री भण्डारीले भने, 'नेपालले



रोमानियालगायत हाम्रा द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरूको समर्थन र सद्भावनामा भरोसा गर्न जारी राखेको छ ।' उनले युरोपेली सङ्घ र रोमानिया जस्ता विश्वसनीय विकास साझेदारहरूबाट ठूलो मात्रामा नेपालले स्रोत, प्रविधि समर्थन र साझेदारी चाहेको बताए ।
मन्त्री भण्डारीले भने, 'रोमानिया प्रमुख व्यापार साझेदार बनेको छ, नेपालले मुख्यतया 'कोटेड फ्लाट रोल्ड' फलाम, विभिन्न कपडा र मुख्यतः प्याकेज गरिएका औषधि, कम्प्युटर र अन्य अत्यावश्यक वस्तु आयात गर्छ, हामी पारस्परिक आर्थिक लाभका लागि हाम्रा मार्ग फराकिलो बनाउने लक्ष्य राख्दै हाम्रो व्यापार सम्बन्धलाई थप अन्वेषण र विस्तार गर्न इच्छुक छौँ ।'नेपाल–रोमानिया सम्बन्ध आगामी दिनमा थप सुदृढ हुँदै जानेमा विश्वास व्यक्त गर्दै उनले दिगो विकासका लक्ष्यहरु सन् २०३० सम्ममा प्राप्त गर्न नेपाल प्रयासरत रहेको बताए । साथै कोभिड–१९ पछिको आर्थिक पुनरुत्थान गर्न नेपालले व्यापार र लगानीलाई उच्च प्राथमिकता दिएको उनले जानकारी गराए । हाले सम्पन्न लगानी सम्मेलनले लगानीका क्षेत्र पहिचान गरेको र लगानीमैत्री नीतिगत तथा कानुनी व्यवस्था गरेको मन्त्री भण्डारीले राजदुत तानेलाई जानकारी गराए ।
उनले भने, 'म महामहिम मार्फत रोमानियाका लगानीकर्तालाई नेपालमा लगानी गर्न आव्हान गर्दछु, व्यवसायी–व्यवसायी बीचको आर्थिक सम्बन्धको सुदृढीकरण गरी द्विपक्षीय र निजी क्षेत्रको अगुवाइमा आर्थिक क्षेत्रको समृद्धि हासिल गर्न सरकार प्रयत्नरत छ, नेपालको व्यापार पूर्वाधार र अन्य प्राथमिकताका विकास क्षेत्रमा थप युरोपेली लगानी आउनेमा म आशावादी छु ।'
मन्त्री भण्डारीले नेपालबाट रोमानियामा निर्यात हुने वस्तुको पहिचान र विकास गर्न द्विपक्षीय व्यापारको पर्याप्त सम्भावना रहेको जानकारी गराउँदै यसका लागि आगामी दिनमा थप सहकार्य गर्नुपर्ने देखिएको बताए । सो क्रममा राजदूत तानेले मन्त्री भण्डारीलाई रोमानिया भ्रमणका लागि आग्रह गरे ।
उनले रोमानियाले नेपालमा कृषि, उर्जा, पर्यटन लगायतका क्षेत्रमा लगानी गर्न चाहेको बताए । राजदुत तानेले मन्त्री भण्डारी रोमानियामा हस्तकलाका सामग्रीको बजार राम्रो रहेको जानकारी गराए । उनले नेपालबाट रोमानियामा हस्तकलाका सामग्री निर्यातको वातावरण बनाउन मन्त्री भण्डारीलाई आग्रह गरे ।

# एक महिनामा ६ करोड बढीको सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले एक महिनामा ६ करोड रुपैयाँभन्दा बढीको सामान बरामद गरेको छ ।

चालु आर्थिक वर्षको वैशाख महिनामा ६ करोड १३ लाख ६८ हजार रुपैयाँ बराबरको विभिन्न सामान बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालय मातहत रहेका प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले विभिन्न स्थानहरूबाट ६ करोड १३ लाख ६८ हजार ४४ रुपैयाँको सामान बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी कुमार विक्रम थापाले जानकारी दिए । बरामद गरिएका सामानहरु लत्ताकपडा, खुद्रा, किराना, औषधी तथा ईलेक्ट्रोनिक्स सामानहरू रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार फैसला कार्यन्वयन तर्फ १५१ जनाबाट ५ वर्ष २९ दिन कैद बापद १५ लाख ८ हजार ७४२ रुपैयाँ जरिवाना असुल गराएको छ ।

वैशाख महिनामा पर्सा प्रहरीले विभिन्न मुद्दाका ११ जना फरार अभियुक्तलाई पक्राउ गरेको छ ।

त्यसैगरी नक्कली नोट १ लाख २३ हजार, हुण्डी कारोवारी ३ जना पक्राउ गरी उनीहरुको साथबाट ३५ लाख २० हजार ७ सय रुपैयाँ नगद पनि बरामद गरेको छ । वैशाख महिनामा ४२ वटा चोरी भएको मोबाईल फेला पारी सम्बन्धित धनीलाई बुझाइएको पर्सा प्रहरीले जनाएको छ ।

वैशाख महिनामा प्रहरीले हातहतियार खरखजानातर्फ एउटा अमेरिकन पेस्तोल पनि बरामद गरेको छ । प्रतिबन्धित लागु औषधतर्फ १५ केजी गाँजा, ५७.४५ ग्राम खैरो हिरोईन, कोरेक्स ६७ बोत्तल, नाइट्राभेट ७९९ पिस, फेनारगन ३० एम्पुल, डाइजेल्याब ३३ एम्पुल र नुरफिन ३३ एम्पुल बरामद गरेको पर्सा प्रहरीले जनाएको छ ।

विगतको तुलनामा पर्सामा आपराधिक गतिविधीमा कमि आएको प्रहरीको भनाइ छ ।

# लहानका ६ वटा घरमा लुटपाट

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको लहान नगरपालिका वडा नम्बर १७ हरिपुर टोलमा सोमबार राति ६ वटा घरमा लुटपाट भएको छ ।

११ बजे रातिदेखि डाकाहरुले बम पड्काएर लुटपाट गरेको स्थानीयले बताएका छन् । बम पड्किदा स्थानीयहरु घाइते समेत भएका छन् । स्थानीय राजदेव यादव, अजयकुमार यादव, रामबाबु ठाकुर, रामअवतार ठाकुर, रामप्रसाद यादव, निरंजन यादवको घरमा लुटपाट भएको हो ।

डाकाहरुले नगदसहित गरहना लुटेको पीडितहरुको भनाइ छ ।

डाकालाई प्रतिकार गर्न खोज्दा गम्भीर घाइते भएका योगेन्द्र यादव र निरंजन यादवलाई उपचारका लागि विराटनगर पठाइएको छ ।

अन्य घाइते रामबाबु यादव, विरछ ठाकुर, जोगिन्द्र यादव र मनि यादवको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । डाकाबाट पीडित भएका परिवारलाई राहत र घाइतेलाई उपचारका लागि लहान नगरपालिकाबाट एक÷एक लाख रुपैयाँ उपलब्ध गराउने मेयर महेश चौधरीले बताएका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# नेविसंघ पर्साद्वारा गृहमन्त्रीमाथि छानविन माग



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) पर्साले सहकारीको रकम हिनामिना प्रकरणमा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति समेत रहेका उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेमाथि छानविनको माग गरेको छ । रवि लामिछानेसहित सहकारी ठगीमा मुछिएकाहरुलाई छानबिनको दायरमा ल्याएर कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो । मंगलबार जिल्ला प्रशासन कार्यालय पर्सामा पुगेर नेविसंघ पर्साका नेता कार्यकर्ताले प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालमार्फत प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाएको नेविसंघ पर्साका सभापति रमेश यादवले बताए । नेविसंघ पर्साले सहकारी ठगी प्रकरणमा मुछिएका गृहमन्त्री तथा रास्वपाका अध्यक्ष रवि लामिछानेसहितका व्यक्तिहरुलाई छानबिनको दायरामा ल्याउन संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग गरेको छ । साथै नेविसंघले संकटग्रस्त घोषित सहकारीबाट बचतकर्ताहरुको रकम फिर्ता गर्नुपर्ने र सहकारीको रकम दुरुपयोग गरेर अपचलन गर्नेहरुलाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग सरकारसँग गरेको छ ।

यसका साथै नेविसंघले विद्यार्थी केन्द्रीत आवश्यक परिमार्जन एंव संशोधनसहित विद्यालय शिक्षा विद्येयक २०८० तत्काल लागू गर्नुपर्ने र उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुको शिक्षाको गुणस्तर सुधार्नका लागि पनि माग गरेको छ । यादवकै नेतृत्वमा ज्ञापनपत्र बुझाउन गएको टोलीमा कांग्रेसका क्षेत्रीय सभापति महम्मद शाहबुद्धिनका साथै नेविसंघका विकास मण्डलसहितका नेताकार्यकर्ता सहभागिता थियो ।

# हत्या अभियोगमा बैठा कारागार चलान



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाही जिल्ला अदालतले कर्तव्य ज्यान मुद्दामा प्रतिवादी रन्जित बैठालाई कारगार चलान गरेको छ ।

भारतको विहार राज्य सितामढी जिल्ला घाना पुरौना भिलेज पोष्ट मनियारी वडा नम्बर ५ बस्ने २३ वर्षीय गोलु भन्ने अभिषेक राजको हत्या गरेको अभियोगमा पक्राउ परेका बैठालाई सोमबार कारगार चलान गरेको हो ।

गत वर्ष साउनमा सर्लाही हरिवन नगरपालिका वडा नम्बर ४ स्थित लखन्देही पुलमुनि टाउँ फेला परेको थियो भने सर्लाहीको लालबन्दी नगरपालिका वडा नम्बर १७ कालिन्जोर पुल नजिकै पुर्व पश्चिम लोकमार्गमा बाटोदेखि दक्षिणतर्फको कालिन्जोर जंगलमा टाउको भन्दा तलको शरिर फेला परेको थियो ।

घटनामा संलग्न रहेका प्रतिवादीहरू मध्ये देश भारत विहार राज्य सितामढी जिल्ला लक्ष्मीपुर सोनबर्षा बस्ने २६ वर्षीय रन्जित बैठा भन्ने रन्जित कुमार गत बैशाख ४ गते पक्राउ गरेको थियो । पक्राउ परेका बैठामाथि अनुसन्धान पश्चात जिल्ला सरकारी वकिल कार्यालय सर्लाहीमार्फत सर्लाही जिल्ला अदालतमा अभियोग साथ पेश गरिएकोमा निज प्रतिवादी रन्जित बैठा भन्ने रन्जित कुमारलाई सोमबार सर्लाही जिल्ला अदालतले पुर्पक्षको लागि कारागार पठाउने आदेश दिएको हो ।

# कलैयामा फुटबल प्रतियोगिता हुने




**संजय तिवारी**
**कलैया ।**
'दोश्रो कलैया उपमहानगरपालिका कप फुटबल प्रतियोगिता २०८१' को आयोजना हुने भएको छ । 'स्वास्थ्यको लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने मूल नाराका साथ कलैया उपमहानगरपालिकाको प्रायोजन तथा नगर खेलकुद बिकाश समितिको आयोजनामा 'दोश्रो कलैया उपमहानगरपालिका कप फुटबल प्रतियोगिता २०८१' हुने भएको हो ।

बिहीबार (जेठ ३ गते०) बाट 'दोश्रो कलैया उपमहानगरपालिका कप फुटबल प्रतियोगिता २०८१' शुरु हुने जनाएको छ । विभिन्न ८ वटा टिम सहभागी हुने प्रतियोगितामा प्रथम हुने टिमलाई तीस हजार रुपैयाँ, द्वितिय हुने टिमलाई बीस हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिने नगर खेलकुद विकाश समितिका संयोजक एम समिउल्लाहले बताए । पुरस्कारका साथै सहभागी टोलिहरुलाई दैनिक व्यवस्थापन तथा खाजा खर्च समेत प्रदान गरिने समिउल्लाहले जानकारी दिए । सो प्रतियोगिता कलैया–२१ को भोडहास्थित फुटबल मैदानमा हुने जनाइएको छ ।

प्रतियोगितामा नेपाली सेनाको ज्वालादल गुल्म, अमरज्योती क्लव, समाज विकास युवा क्लव, सनसाईजिङ्ग क्लव, जनजागृती युवा क्लव, सिद्ध बाबा युवा क्लव, जन प्रगती युवा क्लव तथा उजाला युथ क्लव सहभागी हुने आयोजक संस्थाका दिनदयाले साहले बताए ।

# सशस्त्र प्रहरीद्वारा भन्सार छलीको सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरीले भन्सार छली गरेको ल्याएको अवैध सामान बरामद गरेको छ ।

मंगलबार प्रस्तावित सीमा सुरक्षा गुल्म विरगंजबाट खटिएको टोलिले वीरगंज महानगरपालिका वडा नम्बर १६ भन्सार मेनगेट तथा बाँसझ्याङ्ग ईलाकाबाट भन्सार छलि अबैध रुपमा भारतबाट नेपाल तर्फ ल्याउदै गरेको सामान बरामद गरेको हो । प्रहरीले करिब सात लाख २१ हजार रुपैयाँ बराबरको किराना सामान, कस्मेटिक्स, लत्ताकपडा र मोटरपार्टस बरामद गरी आवश्यक कार्वाहिको लागि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाएको जनाएको छ ।

त्यस्तै, मंगलबार नै प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलिले भन्सार चेकप्वाईन्ट ईलाकाबाट भारतबाट नेपालतर्फ पैदल आउदै गरेकी एक महिलालाई एक लाख ५५ हजार भारतीय रुपैयाँसहित पक्राउ गरेको छ । पर्साको छिपहरमाई गाउँपालिका बस्ने एक महिलाले बोकेको झोला चेकजाँच गर्ने क्रममा निजले झोलामा लुकाई छिपाई ल्याउदै गरेको पाँच सय दरको तीन सय दश थान भारतीय रुपैया फेला परेको प्रहरीले जनाएको छ ।

फेला परेको उक्त भारतीय रुपैयाँसहित निज महिलालाई समेत नियन्त्रमा लिई आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाएको सशस्त्रका प्रहरी उपरीक्षक राधेश्याम धिमालले जानकारी दिए ।

# युवा संघद्वारा बिरामीलाई फलफूल वितरण



**मधेशदृष्टि**
**बारा ।**
नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपालले आफ्नो ३५औँ स्थापना दिवस मनाएको छ । युवा संघ बारा जिल्ला कमिटिले स्थापना दिवसको अवसरमा मंगलबार कलैयास्थित प्रादेशिक अस्पतालका बिरामीहरुलाई फलफूल वितरण गरी स्थापना दिवस मनाएको हो । युवा संघ बारा जिल्ला अध्यक्ष सद्दाम अंसारी अध्यक्षतमा आयोजित फलफूल वितरण कार्यक्रममा अस्पतालको आकस्मिक, ओपिडी तथा विभिन्न वार्डका बिरामीहरुलाई फलफूल वितरण गर्नुका सांथै स्वास्थ्यलाभको कामनासमेत गरेको हो ।

युवा संघका केन्द्रीय सचिव तथा एमाले मधेश प्रदेश समिति सदस्य मोबिन आलमको प्रमुख अतिथ्यतामा आयोजित फलफूल वितरण कार्यक्रममा, केन्द्रीय सदस्य राम यादव, पूर्व जिल्ला अध्यक्ष तथा एमाले जिल्ला सदस्य पुरुषोत्तम साह, उपसचिव रौशन यादव, ध्रुव साह, जाबेद अंसारी, बिक्की साह लगायत सहभागी रहेका थिए । कार्यक्रममा प्रमुख अतिथी आलमले पछिल्लो समय देशमा व्याप्त भ्रष्टाचार तथा युवा पलायन रोक्न युवा संघले दबाबमुलक कार्यक्रमहरु गर्दै आइरहेको जानकारी दिए ।

साथै उनले युवा संघ नेपाल देशका युवाहरुको हक अधिकारका लागि लड्ने एकमात्र संगठन भएको दाबी समेत गरे ।

# हावाहुरीले शिवपार्वती एग्रोमा क्षति

**मधेशदृष्टि**
**बारा ।**
बारा जिल्लामा हावाहुरीसहितको बर्षाका कारण शिवपार्वती एग्रोमा क्षति भएको छ । सोमबार दिउँसो आएको हावाहुरीसहितको बर्षाका कारण बाराको शिवपार्वती एग्रो प्रालिमा करिब बीस लाख रुपैयाँ बराबरको क्षति भएको छ । जिल्लाको प्रसौनी गाउपालिकाका वडा नम्बर ४ स्थित शिव पार्वती एग्रो प्रालिका पर्खाल हावाहुरीसहितको बर्षाले भत्किदा करिब बीस लाख रुपैयाँ बराबरको क्षति भएको हो ।

एग्रोका सञ्चालक मनोज कुमार गुप्ताका अनुसार १० ईन्च मोटो २० फिट उचाई भएको पर्खाल झन्डै १०० मिटरसम्म भत्किएकोले २० लाख बराबरको क्षति भएको हो । त्यसैगरी हावाहुरीसहित बर्षाले बारामा आँपसहित केरा खेतीमा समेत क्षति पुर्याएको किसानहरुले बताएका छन् ।

# वीरगंजमा 'भोज'को सेवा विस्तार

**मधेशदृष्टि**
**वीरगंज ।**
खाना सौखिनहरुका लागि वीरगंजमा भोजले आफ्नो सेवा सञ्चालनमा ल्याएको छ । नेपालको लोकप्रिय खाना डेलिभरी एप भोजले वीरगंजमा आफ्नो सेवा सञ्चालनमा ल्याएको हो ।

आफ्नो द्रुत सेवा, दैनिक छुट र विशेष प्रस्तावहरूको लागि भोज परिचित रहेको छ । आफूहरुलाई मनपर्ने खानाहरुमा केएफसी, पिज्जा हटलगायत अन्य धेरै लोकप्रिय खानाका परिकारहरु रेष्टुरेन्टहरुबाट डेलिभरी गराउन सकिने जनाएको छ । वीरगंजमा भोजले स्थापना तथा संचालनको उपलक्ष्यमा, सम्पूर्ण अर्डरहरूमा निःशुल्क डेलिभरी र २५% क्यासब्याक प्रदान गर्ने निणर्य गरेको छ । वीरगंजमा खुलेको भोज एप डाउनलोड गरी मौकाको फाइदा उठाउन एपले ग्राहक वर्गमा अनुरोध गरेको छ । त्यसका लागि भोजले प्ले स्टोर वा एप स्टोरमा गएर एप डाउनलोड गर्न सकिने जनाएको छ ।

*भविष्यवाणी गर्ने सही तरिका यसलाई निर्माण गर्नु हो ।*
*– फोरेस्ट सकली*

## सम्पादकीय

# अलमलमा मधेश प्रदेश सरकार गठन

*मधेश प्रदेश सरकार गठनको काम रोकिएको छ । एकातिर सरकार ढालेर आफ्नो नेतृत्वमा सरकार बनाउने रहर गरिरहेको नेकपा एमाले र नेकपा माओवादी केन्द्र एउटै मुख भएका दुई पंक्षीजस्तै केन्द्रको निर्देशन कुरिरहेका छन् । अर्कातिर विश्वासको मतको सामना गर्छु भन्दै मुख्यमन्त्री सरोजकुमार यादवले तयारी गरिरहेका छन् । यो अवस्थामा मधेशमा कसको सरकार बन्ला भन्ने विषय निकै ठूलो चर्चा र चासोको विषय बनेको छ । बजेट निर्माण गरेर खर्च गर्न नसकेको मधेश सरकार यतिखेर सरकार निर्माणकै केन्द्रविन्दुमा रुमल्लिइरहेको छ । यो अवस्थामा राजनीतिक परिदृश्य अरु धमिलो हुँदै गइरहेको छ । शुरुमा नेकपा एमाले र नेकपा माओवादी केन्द्रले जनमत र लोसपाका सदस्यहरुको गणना गरेर बहुमत पु¥याए पनि अन्ततः जनमत र लोसपा पनि त्यो गठबन्धनको पानी सदस्य नभइसकेको भन्ने वाणी आएपछि एमाले–माओवादी निकै अप्ठेरोमा परेको हो । यसैले जेठ १३ गतेअघि सत्तामा पुग्ने एमाले र माओवादीको हतारोमा पनि तगारो लागेको छ । अर्कातिर मुख्यमन्त्रीले पनि ३० दिनको म्यादको पाउने भएकाले पनि सत्ता भत्काउन सहज भएसँगै बनाउन भने चुनौती थपिएको छ ।*

*मधेश प्रदेश सरकार निर्माणमा लोकतान्त्रिक समाजवादी पार्टीको समर्थन जरुरी छ । जेठ १३ गतेसम्म जनता समाजवादी पार्टी नेपाल छाडेर जनता समाजवादी पार्टी रोज्ने अवधि रहेकाले पनि हतारमा सरकारबाट बाहिरिएको एमाओवादी–एमालेलाई समस्या परेको हो । जनमत पनि मधेशमा जनता समाजवादी पार्टी नेपाल कमजोर बनेको हेर्न तयार भए पनि एमाले–माओवादीको गठबन्धनमा सहजसँग सदस्य बन्न तयार छैन । उसले पनि मधेश मुख्यमन्त्री दाबी गरिरहेको छ । यसपटक जनमत पार्टी पनि मुख्यमन्त्रीमा दाबी गरिरहेको छ । यो अवस्थामा उसको राजनीतिक स्वार्थ एउटा पूरा भए पनि अरुलाई बलियो बनाउने गरी समर्थक मात्र बन्ने अवस्था छैन । यसमाथि लोकतान्त्रिक समाजवादी पार्टी पनि मुख्यमन्त्रीको प्रबल दावेदार हो । एमाले र माओवादीको मात्रै केन्द्रको निर्देशन मान्नु पर्ने बाध्यता छ भने अरु दलहरु जता लाग्दा सत्ता बन्ने र गठबन्धनमा राम्रो अवसर पाउने अवस्थामा सहभागी हुने छुट छ । यस्तो अवस्थामा सहजै सत्ता निर्माणमा एमाले र माओवादी सफल हुने छाँट छैन । आफ्नै अनुकुलका प्रदेश प्रमुख हुँदा बहुमत प्रदेश सदस्यको जुलुश देखाउने भने पनि कानुनी अड्चन र अदालत जाने सुविधा भएकाले यो विवादमा मधेश प्रदेश सरकार पनि जोडिने पक्का छ ।*

*एकातिर विनियोजित बजेट सकाउने हतारोको महिना छ । अर्कातिर नयाँ बजेट बनाउने हतारो शुरु भएको छ । तर सरकारकै टुंगो छैन । भइरहेको अल्पमतको सरकार विश्वासको मत जुटाउने अभ्यासमा छ भने अरु बहुमत आफूसँग भइरहेको दाबी गरिरहेको छ । दाबी सबैका उस्तै छन् । तर बहुमत पु¥याउनु अघि मुख्यमन्त्रीमा सहमति र अर्कातिर कानुनी अड्चन पनि भएकाले प्रदेश सरकार ढाल्न हतारो गर्नुअघि यसविषयमा पनि सोच्न सकेको भए सायद यो उल्झन देखिने थिएन कि ?*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# जैविक विविधता र हाम्रो सचेतना



**सञ्जय साह मित्र**

मधेश आफैँमा विविधतापूर्ण छ । देशको पूर्वदेखि पछिमसम्मको जैविक विविधतामा विशिष्टता रहेको छ । हुन त विविधता भन्नु पनि विविधता हो । विविधताले मौलिकता पनि देखाउँछ । जैविक विविधताका पनि अनेक प्रकार रहेका छन् ।

सामान्यता वनस्पति, जीवजन्तू तथा सूक्ष्म जीव एवं जीवाणुसहित विभिन्न प्रकारका जीवनधारी सबै प्राणी जो यस ग्रहमा आफ्नो जीवनवृत्ति गरिरहेका छन्, सबै जैविक सम्पत्ति हुन् । संसारलाई रहन र बस्नयोग्य बनाइराख्न तथा यसलाई सुन्दर स्थानको रुप दिइराख्न प्रत्यक्ष वा परोक्ष रुपमा सबै जीवजन्तुको भूमिका मानिन्छ । सजीव वा जीवनधारी पर्वतीय उचाइदेखि समुद्रको गहिराइसम्म तथा मरुभूमिदेखि वर्षाको जलसम्म लगभग सम्पूर्ण स्थानमा पाइन्छन् । सबै जीवनको प्रकृति एउटै हुन्छ भन्ने होइन । यसको प्रकृति, व्यवहार, आकृति, आकार, प्रकार तथा रुप र रंग फरक फरक हुन्छन् । वास्तवमा जीवनमा असाधारण विविधता हुन्छ । हामी बस्ने ग्रहका लागि सबै जीवन अभिन्न अंग हुन् । वातारणीय दृष्टिले सबै जीवन महत्वपूर्ण छन् । अन्य कुनै ग्रहमा जीव वा जीवन छ वा छैन भन्ने कुरा यहाँ चच्र्य विषय होइन । देश नै हाम्रो प्राकृतिक विविधतापूर्ण रहेको छ भने हरेक ठाउँ पनि विविधतापूर्ण रहेको छ तर मुख्यतः मधेशकै जैविक विविधता यस आलेखको मुख्य केन्द्र हो तर पनि पृथ्वीमा पाइने सम्पूर्ण जीवनलाई सामूहिक रुपमा जनाउने एउटै शब्द जैवविविधता हो जसलाई सजिलोको लागि हामी दुई शब्दमा जैविक विविधता भन्दछौँ । यो जीवनको विविधता नै हो ।

जैविक विविधता हामी सबैको लागि महत्वपूर्ण छ । मानिसको आजीविका, स्वास्थ्य, सांस्कृतिक विकास तथा सम्पन्नता आदिका लागि प्रकृतिमाथि निर्भर रहेको छ । जैविक संसाधन वा सम्पत्तिबाट मानिसले भोजन, फल, बीउ, औषधि तथा अन्य वस्तु तथा सेवा प्राप्त गरिरहेका छन् । यसले गर्दा जीवनको विशाल विविधता सबैका लागि अत्यधिक मूल्यवान रहेको हामी बुझ्न सक्दछौँ । सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले पनि यो यसकारण निकै महत्वपूर्ण रहेको छ कि हाम्रो सामाजिक तथा सांस्कृतिक जीवनमा वनस्पति, जीवजन्तु तथा पर्यावरणको निकै ठुलो महत्व रहेको छ ।

जैविक मनोरंजनको लागि मधेश पहिले निकै समृद्ध थियो । सिकार खेल्न राजा रजौटाहरु मधेशमै आउँथे । प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणा बारम्बार सिकार खेल्न मधेश आउँथे । सिकारको दृष्टिले मधेशलाई अझै पनि समृद्ध मानिन्छ तर कैयन जीवन भने हराइरहेका छन् । अहिले अवस्था कमजोर बन्दै गएर वन, वन्यजीवन, वानस्पातिक अध्ययनादिको लागि पनि मधेशले अन्यत्रको बाटो तताउनु परेको छ । प्राकृतिक वन र उद्यानहरु हराउँदै गए तर मधेशमा भने व्यवस्थित वन, उद्यान तथा विविध वनस्पतियुक्त पिकनिक पार्कहरु निर्माणतिर कसैको पनि ध्यान जान सकेन । अझ मध्य तथा दक्षिणी सिमानातिरको भूमिमा वनजन्य परिस्थिति प्राकृतिक वातावरणमा पाउन मुस्किल भयो ।

वनस्पतिले जीवनलाई ताजापन दिएजस्तै वातावरणलाई जीवन दिन्छ । हाम्रो वातावरण मानव बस्नलाई बन्नुमा जैवविविधताको भूमिका हामीले बिर्सन थालेका छौँ । यसको सांस्कृतिक महत्वलाई पनि कम बुझ्न थालेका छौँ । हाम्रो मधेसी संस्कृतिले जैवविविधतालाई कसरी र किन महत्व दिएको हो भन्ने कुराको वैज्ञानिकतातर्फ ध्यान नदिएर हामी कतिपयले अन्धविश्वास भनेर बहिष्कार गरेका छौँ । पहिले मानिसले हरेक दिन स्नानपछि पीपल र तुलसीको बोटमा जलार्पण गर्दथे । यसलाई अन्धविश्वास भनियो । अहिले चाहिँ सकेसम्म बिहान नुहाएर पीपल र तुलसीलाई जलार्पण गरिनु शरीरको बाह्यान्तरिक दुवै स्वास्थ्यको लागि अत्यन्त फाइदाजनक भएको मानिन थालिएको छ ।

हाम्रो मधेशको जनजीवनमा संस्कृति र सांस्कृतिक कार्यहरुमा वनस्पतिको उपयोग निकै गरिन्छ । बिहेमा आम र महुआको बिहे गराइन्छ पहिले । अहिले आँप बढेको छ तर महुआ हराएको छ । हरेक पूजामा पानको पात, तुलसी, केराको पात वा थम्बाको उपयोग गरिन्छ । यिनीहरुको वानस्पतिक उपयोग मात्रै हो कि वैज्ञानिक महत्व पनि छ र यसलाई बाहिरबाट ल्याउने मात्रै कि संरक्षण गरिनुपर्छ भनेर हामीले आफ्नो कर्तव्य निर्वाह गर्ने ? एउटा छठमा हेरौँ त कति किसिमका वनस्पतिको उपयोग गरिन्छ ? के हाम्रो संस्कृति अरुमाथि निर्भर रहन सिकाएको हो ? हामी किन र कहाँ चुक्दैछौँ हाम्रो मधेशकै वानस्पतिक विविधता र यसको संरक्षणमा ? कसले विचार गर्ने यस पक्षमाथि ?

हामीले हाम्रो वरपर ध्यान दिन खोज्यौँ भने अहिले धेरै वनस्पति नै लोप भएको पाउन सक्छौँ । सामान्यतया पचास वर्षभन्दा बढी उमेर भइसकेका मानिसलाई वरपरका वनस्पतिका बारेमा जति जानकारी छ, त्यत्ति जानकारी त्यसपछिका अझ अहिलेका युवकहरुमा छैन । नवयुवा पुस्तामा ग्रामीण वनस्पति तथा जैविक विविधतामा त कुनै रुचि नै छैन । वनस्पतिहरु वातावरणीय दृष्टिकोणले मूल्यवान् हुन् भन्ने कुरा सैद्धान्तिक रुपले बुझेका होलान् तर ती वनस्पतिका औषधीय गुणको महत्व त नवयुवाको नजरमा हराइसकेको छ । औषधीय गुणको महत्व समाजले बुझ्नै छाडेपछि वातावरणीय महत्वको गणना कसको मस्तिष्कले पो गर्ने होला ? अहिले त आँगन र घरको सबै पानी नालामार्फत खोलामा पु¥याउने चलन बढेको छ तर केहीलाई पनि धरतीको जलस्तर तलतल सर्दै गएकोमा चिन्ता पनि लागेको छ । चुरेको संरक्षण गर्ने चासो कसैको छैन । चुरे पहाडको सिर्जनात्मक उपयोग गर्नुपर्नेमा ढुंगा, बोल्डर, गिटी र बालुवा झिकेर तराईको बिनाश कसरी भइरहेको छ भन्नेबारे सम्बन्धित निकायले चिन्तन गर्नु आवश्यक भइसकेको छ । मधेशको मरुभूमिकरण भइरहेको छ ।

हाम्रो खेतमा बढी उत्पादनको लागि जथाभावी मल तथा विषादिको प्रयोग भइरहेको छ । हामीकहाँ हाम्रो परम्परामा जैविक नियन्त्रण विधि थियो, त्यो अहिलेका अधिकांश किसानले बिर्सिसके । रासायनिक मलको प्रयोगले खेतलाई, खेतको माटोमा रहेको विविध जीवनलाई, उब्जनीलाई पु¥याइरहेको फाइदा वा हानिबारे सचेत हुन सकेका छैनाँ । कृषिमलको प्रयोग लगभग हराइसकेको छ । ढैँचालाई हरियो मलको रुपमा पहिले प्रयोग गरिन्थ्यो । सम्भवतः अब यो प्रचलन प्रदेशमा छ कि छैन भनेर अनुसन्धान गर्नुपर्छ । गाईवस्तुको गोबर मलको प्रयोग पहिलेभन्दा कति कम भइसक्यो । यसको प्रयोग दाउराको रुपमा निकै बढेको छ । दाउराले प्रदूषण पनि बढाउँछ । प्रदूषणले जैविक विविधतामाथि प्रहार गर्दछ ।

कृषि महँगो भयो भन्ने गुनासो छ । कृषिमा राज्यले अनुदान दिइरहेको पनि छ । हामी पहिले खाद्यान्न निर्यात गर्दथ्यौँ । अहिले खाद्यान्न आयात भइरहेको छ । कृषियोग्य जमिन बाँझो रहेको पनि गुनासो बारम्बार आउने गरेको छ । कृषिमा कृषक र राज्य दुवै पक्षको लगानी बढेको छ तर उत्पादनले भने धान्ने अवस्था छैन । अन्धाधुन्ध रासायनिक मल र विषादिको प्रयोगले एकातिर जैविक विविधतामाथि प्रहार गरेको छ भने अर्कोतिर वातावरणमा ह्रास ल्याएको छ । हाम्रो खेतीलाई न त व्यावसायिक बनाउन सकिएको छ र न त वातारवणसिग समन्वय गर्न सकिएको छ । कृषि र गृहस्थीले वनस्पति तथा जीवजन्तुको ह्रास वा लोपमा हुने गरेको भूमिकाप्रति हामी बिल्कुलै सचेत हुन सकेका छैनौँ । सम्बन्धित निकायले भने यसतर्फ ध्यान दिनु उपयुक्त हुने देखिन्छ ।

मधेसी समाजलाई हेर्ने हो भने शिक्षित र अशिक्षित दुवैमा जैविक विविधताप्रति सचेतना पाइन्न । सहर र गाउँ दुवैको तुलना गर्दा पनि खासै अन्तर छैन । सहरका मानिस वातावरणप्रति केही सचेत भएको देखाउन गमलामा फूल रोप्न थालेका छन् भने गाउँमा जथाभावी रुख काट्ने चलन छँदैछ । केही शिक्षितले भने गाउँमा पनि रुख रोप्न थालेका छन् । रुख रोप्दा प्रकृति, संस्कृति र वातावरणलाई विचार पु¥याइएको पाइँदैन । सबैभन्दा महत्वपूर्ण कुरो आर्थिक लाभ हेर्न थालिएको छ । अर्थको सम्बन्ध वनस्पतिसित हुन थालेपछि वानस्पतिक ह्रास बन्न पुगेको छ । वनस्पतिलाई केवल तात्कालीन आर्थिक लाभसित जोडेर हेर्नुले पनि केही हदसम्म जैविक विविधता हराउन सहयोग गरेको हुनुपर्छ ।

जैविक विविधताले हामीलाई के कति फाइदा हुन सक्छ र हामी के कति जैविक विविधतालाई सजिलै जोगाउन सक्छौँ । कति वनस्पति तथा जीवनलाई जोगाउन विशेष पहल गर्नु आवश्यक भइसकेको छ भन्ने विषयमा पनि मधेशमा विज्ञहरुले वेलावेलामा सर्वसाधारणलाई जानकारी गराउनु आवश्यक छ । स्थानीय सरकारहरुलाई पनि यसतर्फ सकारात्मक पहलको लागि सक्रिय बनाउनु परेको छ । मुख्यतः जैविक विविधताको महत्व बुझेकाहरुले यसलाई भविष्यको लागि जोगाउनु जरुरी छ भनेर पनि समयमे सचेत भई सचेत गराउनु परेको छ ।

# कसले बुझ्ला यात्रुका पीडा

**मधु शाही**

पिठ्यूँमा डेढ वर्षकी छोरी मस्त निदाएकी थिइन् । हातमा सानो थैली थियो । बिरामी छोरीलाई उहाँले जतिसक्दो चाँडो अस्पताल पु¥याउनु थियो । नायाँबानेश्वरको चोकमा उभिएर भैरवी कार्कीले पटक–पटक गाडीलाई हात तेस्र्याइरहनुभयो तर पिठ्यूँमा बच्चा बोकेको देखेपछि उहाँलाई नचढाई गाडी गुडिहाल्थे । शुक्रबार बिहान ९ बजे भैरवी यसरी नै गाडीका लागि प्रतीक्षा गरिरहनुभयो । मान्छे खचाखच भएको गाडीमा सानो बच्चासहित चढ्ने पनि कसरी ? नचढ्यो भने अस्पताल लैजानै पर्नेछ । भैरवीजस्त धेरैले सार्वजनिक यातायातमा चढ्न पाउने नैसर्गिक अधिकार सजिलै पाउनुहुन्न । जब बच्चा बोकेर उहाँ हिँड्नुहुन्छ, यही सास्ती खेप्नुपर्छ । ‘अर्को गाडीमा आउनु भन्दै रोक्नै मान्दैनन्’, उहाँले भन्नुभयो, ‘खाली गाडी पाउनै मुस्किल हुन्छ, भरिएकाले बच्चा भएकै कारण मान्छे राख्न कठिन हुने मनसायले चढाउँदैनन् ।’

खचाखच भरिएको गाडीमा शारीरिक अशक्त, वृद्धवृद्धा र बालबालिकाले खेप्नुपर्ने सास्ती भनिसाध्य छैन । शंख्मूल चोकबाट रत्नपार्क आउने माइक्रोबस झनै भरिभराउ हुन्छन् । सुन्धारामा व्यापार गर्न पुग्नुपर्ने डिल्ली धमला शंख्मूलदेखि माइक्रोबस चढ्दा ढाड दुख्ने समस्या आएको बताउनुहुन्छ । सिट क्षमताभन्दा धेरै मान्छे राख्दा उभिएर यात्रा गर्नुपर्ने उहाँको दैनिकी छ । “अग्लो ज्यान निहुरिएर अडिनुपर्छ’, उहाँ भन्नुहुन्छ, ‘पैसा तिरेर पनि सुविधाले यात्रा गर्न नपाउँदा नमज्जा लाग्छ नि !’ उहाँ दैनिकजसो सार्वजनिक बस चढ्दा सहचालकसँग झगडा नपरेको दिन हुँदैन । ढोका लगाउनै नमिल्ने गरी यात्रु कोचेर लैजादा बोल्नै प¥यो । बोल्यो भने गाह्रो भए ट्याक्सी चढेर जानु भन्दै सहचालकले थर्काएको केदार कार्की बताउनुहुन्छ । ‘कहिले भाडामा किचकिच त, कहिले धेरै मान्छे राखेकामा झगडा गर्नुपर्छ’, उहाँ यात्रा गर्दाको दुःखेसो सुनाउनुहुन्छ, ‘चढाउँदा जबर्जस्ती चढाउने र ओराल्दा पनि जबर्जस्ती हतारमै ओराल्ने गर्दा ठूलै सजाय भोग्ने गरेका छौँ ।’ रत्नपार्कदेखि कोटेश्वर दैनिक आउजाउ गर्नुपर्ने टोपेन्द्र पनेरुले सार्वजनिक यातायात कठघरा जस्तै लाग्छ । बिहान १० बजे चोकमा घन्टौँ बसेर प्रतीक्षा गरेको बस भरिभराउ हुन्छ । खुट्टो गाडीको ढोकामा टेक्नेबित्तिकै धकेलिँदै गाडीको पुच्छारमा पुगिन्छ । पर जानु पर जानु भन्दै सहचालकले कराएर हैरान पर्छन् । झर्ने बेलामा चाहिँ तुरुन्तै झरिहाल्नुस् भन्दै अर्को यातना दिन थाल्छन् । टोपेन्द्रले भोगेको यस्तो यात्रु दैनिकी सबै सर्वसाधारणका लागि सामान्य बनेको छ । उहाँ भन्नुहुन्छ, ‘सार्वजनिक यातायायत चढ्नै गाह्रो, चढिहालियो भने पनि झर्नै गाह्रो ।’ गर्मी मौसममा उकुसमुकस यात्रा गर्दा सहनुपर्ने कष्ट अझै पीडादायी छ । उहाँ भने यसैलाई स्वीकार्नुबाहेक कुनै विकल्प नरहेको बताउनुहुन्छ ।

कौशलटारका केदार लुइँटेल शारीरिक रुपले अशक्त हुनुहुन्छ । उहाँको दाहिने खुट्टाको समस्याले वैशाखी चढेर हिँड्नुहुन्छ । त्रिचन्द्र क्याम्पसमा स्नातक तह अध्ययनरत उहाँलाई कलेजसम्म पुग्न सजिलो छैन । हुन् त सार्वजनिक यातायायमा आपङ्गता सिट आरक्षित छ तर व्यवहारमा भने ठीक उल्टो पाएको केदारको अनुभव छ । उहाँका अनुसार कुनै गाडीमा अपाङ्ग सिट लेखिएको हुन्छ तर सपाङ बस्नुभएको हुन्छ । कुनैमा त त्यही पनि लेखिएको हुँदैन । लेखिए पनि अक्षर मेटिएका हुन्छन् । आरक्षित सिटमा बस्ने अधिकार पाउन पनि यात्रुसँग झगडा गुर्न परेको उहाँले भोगाइ सुनाउनुभयो । ‘भेडाबाख्रा जस्तै यात्रु कोचेर राख्छन्, त्यहाँ हामीले कसरी सुविधा पाउनु ?’, उहाँ थप्नुहुन्छ, ‘कसैले दयाले सिट छोड्नु भयो भने मात्रै हो । नीतिले पाउनु र दयाले पाउनु फरक कुरा हो नि !’ साझा यातायात यात्रुमैत्री भए पनि सबै सार्वजनिक यातायातमा यात्रुको सम्मानजनक व्यवहार नभएको उहाँले सुनाउनुभयो ।

रामशाह पथ नजिकै रहेको बस बिसौनीमा कास्कीका इन्दिरा चौलागाईं सातवर्षे छोरासँगै बागबजार जाने बस कुर्दै हुनुहुन्थ्यो । बसको पर्खाइमा बस्दाबस्दै छोराले शौचालय जाने भन्न थाले । नजिकै कहीँ पनि शौचालय थिएन । सामान्य डस्बिनसमेत नराखिएको बस बिसौनीमा शौचालयको व्यवस्था हुने कुरै भएन । छोरा शौचालयमै शौच गर्ने भनिरहेका थिए तर इन्दिराले बाध्यताले बस बिसौनीको पछाडि भित्तोतिर फर्काएर छोरालाई पिसाब फेर्न लगाउनुभयो । ‘यात्रुको सुविधाका लागि बस बिसौनीमै शौचालय भए कति राम्रो हुन्थ्यो होला’, उहाँले कल्पना गर्दै भन्नुभयो, ‘सामान्य फोहार फाल्ने डस्बिन पनि छैन, अरू के कुरा गर्नु ?’

**यातायात सुविधा कागजमै सीमित**

यातायत व्यवस्थापन कार्यविधि निर्देशिकाले यात्रुको सुविधा र सम्मानलाई विशेष स्थान दिएको छ । कार्यविधिमा माइक्रो◌ेबसको सिट क्षमता चालकसहित १४ जना हुनुपर्छ । मिनिबसको सिट क्षमता चालकसहित १५ देखि २५ जनासम्म हुनुपर्छ । यात्रुको मनोरञ्जनका लागि म्युजिक सिस्टम तथा पत्रपत्रिकाको व्यवस्था हुनुपर्नेछ भनी निर्देशिकामा प्रस्ट उल्लेख छ । निर्देशिकाअनुसार सडकमा कुनै पनि सवारी साधन पाउन सम्भव छैन । निर्देशिकाले भनेअनुरुप कार्यान्वयन भए÷नभएको थाहा पाउने कुनै प्रभावकारी संयन्त्र छैन । अनुगमन र नियमन फितलो छ । सिटमा पर्दासहितको सिसा हुनुपर्ने भनिए पनि सिसासमेत फुटेको अवस्थामा सवारी साधन गुडिरहेका छन् ।

काठमाडौँ महानगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५ को परिच्छेद ५ को दफा १३ परिचालकको कर्तव्यको उपदफा (१०) अनुसार सार्वजनिक यातायात सेवा सञ्चालनमा संलग्न परिचालकको यात्री, चालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्ने व्यवस्था छ । यात्रुसँग निर्धारितभन्दा बढी रकम असुली गर्न नपाइने, टिकट दिन इन्कार नगर्ने, रकम फिर्ता गर्न आलटाल नगर्ने, यात्रीसँग अशिष्ट भाषामा कुरा नगर्ने, निर्धारित पोसाक नलगाई सार्वजनिक यातायातको साधनमा परिचालकको काम नगर्ने, सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन नगर्ने, यौनजन्य दुव्र्यवहार नगर्ने, कानुनले निषेध गरेका अन्य कार्य नगर्नेलगायत नियम निर्धारण गरिएको छ । नियम विपरीत कार्य गर्ने परिचालकलाई पहिलो पटकका लागि एक हजार र दोस्रो पटकदेखि दुई हजार रुपैयाँ जरिवाना लाग्ने व्यवस्था छ । ऐन बनाउने निकाय नै अनुगमनको पक्षमा बेखबर छ । एकातिर यात्रुले आफूलाई परेको असुविधा र अन्यायविरुद्ध सम्बन्धित निकायमा उजुरी गर्ने संस्कृति छैन । काठमाडाँ◌ै महानगरपालिकाभित्र चल्ने सवारी साधनमा नियमन छैन । सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीको विभिन्न दायित्वअन्तर्गत यात्रुहरुको सुझाव तथा गुनासो दिन मिल्ने व्यवस्था मिलाउने भनिएको छ । ऐनमा यात्रुको सुरक्षाका लागि सिसी टिभी जडान गर्ने, यात्रु वर्ग र सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवासम्बन्धी जानकारी दिन टोल फ्री–नम्बर, नोटिस बोर्ड सेवा, इमेल, वाइफाइ, सामाजिक सञ्जाललगायत प्रविधि जडान गर्ने उल्लेख छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलालले ऐनमा उल्लेख भएको सुविधाअनुसार कुनै पनि व्यवस्था व्यवहारमा लागु नभएको बताउनुभयो । आफ्ना यात्रुलाई सवारीमा कस्तो सुविधा दिने र सम्मान दिने भन्ने संस्कार सवारीचालक र मालिकको हुने गर्छ । ऐनमा तोकिएअनुसार प्रविधिमैत्री सवारी साधन बनाउने, सफा र सुविधा अनिवार्य हुनुपर्ने उहाँले सुनाउनुभयो । उहाँले काठमाडौँ उपत्यकामा बस बिसौनी भनेका छन् तर शौचालय र फोहोर व्यवस्थापन गर्ने डस्बिन नहुँदा सहर फोहोर भएको सुनाउनुभयो ।

काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरका अनुसार उपत्यकाभित्र ४३ वटा मात्रै सार्वजनिक शौचालय छ । ती कुनै पनि बस बिसौनी लक्षित छैनन्, न त घुम्ती शौचालय नै परिचालित छन् । यात्रु लक्षित सुविधापूर्ण यात्रा व्यवस्थापन गर्नको लागि महानगरपालिकाले ऐन बनायो । त्यसको अनुगमन पक्ष भने फितलो छ । महानगरपालिकाका प्रवक्ता मानन्धरले व्यवस्थापनबारे खासै चासो नदिइएको स्वीकार गर्नुभयो । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता जीवनकुमार श्रेष्ठको भने निर्देशिका जसले बनाएको हो उसैले कार्यान्वयनमा ल्याउन पहल गर्नुपर्ने प्रस्ट धारणा छ । ‘काठमाडौँ महानगरपालिकाले यातायात निर्देशिका बनाएको हो भने त्यसको कार्यान्वयन कस्तो छ भनेर यसैले अनुगमन गर्नुपर्छ’, उहाँले भन्नुभयो, ‘ट्राफिक कार्यालयको निश्चित जिम्मेवारी छ, सबै हेर्न सम्भव छैन ।’ उहाँले ट्राफिलकको दायित्व सडक अनुशासनको पालना, सवारी इन्जिन र यात्रुको संख्या जाँच, यातायातसम्बन्धी शिक्षा एवं जनचेतना दिने कार्य गर्ने बताउनुभयो । ट्राफिक प्रहरी कार्यालयमा दैनिक तीन हजार पाँच सयभन्दा बढी ट्राफिक नियम उल्लङ्घन गरी कारबाहीमा परेका सवारी चालकको तथ्याङ्क छ । आरक्षण सिट पूर्णरुपमा लागू नभएको, आवश्यकताभन्दा बढी यात्रु राखेर असुरक्षित सवारी चलाउने सार्वजनिक यातायातको तथ्याङ्क अधिक रहेको प्रहरी कार्यालयका प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो । ‘सवारी व्यवस्थापन गर्न यात्रुदेखि सबै निकायको अहम् भूमिका हुन्छ’, उहाँले भन्नुभयो, ‘ट्राफिक मात्रै एक्लो दोषी हुन सक्दैन ।’

# यी हुन् नीति तथा कार्यक्रमका मुख्य व्यवस्था

**रासस**
**काठमाडौँ ।**

आगामी आर्थिक वर्ष २०८१ / ८२ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संसद्को संयुक्त बैठकमा मंगलबार वाचन गरेको सरकारको आगामी वर्षको नीति तथा कार्यक्रममा राखिएका मुख्य प्रावधान यस्ता रहेका छन् ।

– बैंक तथा वित्तीय संस्था, लघुवित्त, सहकारी, बिमा र पुँजीबजारमा देखिएका समस्या समाधान गर्न विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझाव कार्यान्वयन गरिनेछ ।

– लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनःसंरचना गरिनेछ ।

– सहकारी संस्थाहरू स्थापनाको उद्देश्यअनुरूप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ । सहकारी संस्थाको सघन सुपरिवेक्षण र नियमनका लागि विशिष्टीकृत नियामक निकाय स्थापना गरिनेछ । सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असुली न्यायाधीकरणमार्फत सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिनेछ ।

– गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, हेटौंडा कपडा उद्योग लगायतका बन्द तथा रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थान सम्भाव्यताको आधारमा सार्वजनिक–निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिनेछ ।

– आगामी आर्थिक वर्ष नेपालको कन्ट्री रेटिङ सम्पन्न गरिनेछ ।

– आगामी आर्थिक वर्षभित्र गरिब घरपरिवार पहिचान कार्य सम्पन्न गरिनेछ । पहिचान भएका गरिबको स्थानीय तहमार्फत निःशुल्क बिमा गरिनेछ । गरिबीको रेखामुनि रहेका घरपरिवारका लागि विद्युतीय चुलो, ट्युबवेललगायतका सामग्री उपलब्ध गराइनेछ ।

– आयोजनाको कार्यान्वयन प्रगतिका आधारमा सम्पन्न गर्ने, निरन्तरता दिने, स्थगन गर्ने वा खारेज गर्ने नीति लिइनेछ । कार्यान्वयनमा रहेका तर अपेक्षित गति नलिएका सम्भाव्य आयोजना सार्वजनिक–निजी साझेदारी अवधारणामा सञ्चालन गर्ने प्रक्रिया अघि बढाइनेछ ।

– खरिद कानूनमा पुनरावलोकन गरी खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र विकासमैत्री बनाइनेछ ।

– अध्ययन अनुसन्धानसम्बन्धी राष्ट्रिय नीति, मापदण्ड र आचारसंहिता तयार गरिनेछ । सबै प्रकारका अध्ययन, अनुसन्धान तथा नवप्रवर्तनको परीक्षण र स्वीकार्यताको मापदण्ड तयार गरिनेछ ।

– राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन गरिनेछ । तीनै तहबाट उत्पादित तथ्याङ्क तथा सूचना राष्ट्रिय तथ्यगत विवरण प्रणालीमा समावेश गरी आवश्यक तथ्याङ्क सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

– तीनवटै तहका सरकार, निजी क्षेत्र, सहकारी र समुदायको साझेदारीमा ‘उत्पादन र रोजगारीका लागि साझेदारी’ कार्यक्रम सञ्चालन गरिनेछ ।

– आर्थिक वर्ष २०८१/८२ को दशकलाई ‘कृषिमा लगानी दशक’ घोषणा गरी सरकारी, निजी, सहकारी तथा विकास साझेदारको लगानी वृद्धि गरिनेछ ।

– उत्पादन चक्र सुरु हुनुपूर्व नै आधारभूत कृषि उपज तथा पशुजन्य उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिनेछ ।

– सम्भाव्यताको आधारमा महानगर तथा उप–महानगरपालिकाहरूमा चिस्यान कक्षसहितका बहुतले कृषि तथा फलफूल थोकबजार सञ्चालनमा ल्याइनेछ ।

– युवा कृषक तथा उद्यमीहरूसँगको साझेदारीमा वडास्तरमा नमूना फार्म स्थापना गरी सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ ।

– फलफूल नर्सरी र बेर्ना रोपणलाई व्यापक रूपमा विस्तार गरी पाँच वर्षभित्र देशलाई फलफूलमा आत्मनिर्भर बनाइनेछ । दुई वर्षभित्र पशुपन्छी तथा मत्स्य उत्पादनमा पूर्ण आत्मनिर्भरता हासिल गरिनेछ ।

– तीनै तहका सरकार र निजी क्षेत्रको सहकार्यमा प्रत्येक प्रदेशमा कम्तीमा १ हजार गाई भैँसीपालन क्षमताको पूर्वाधारसहित स्रोत केन्द्र विकास गरिनेछ ।

– हिमाली क्षेत्रमा भेडाबाख्रा, च्याङ्ग्रा, चौँरी लगायतका पशुपालन एवं स्याउ, ओखरजस्ता फलफूल र जडीबुटीका ठूला फार्म सञ्चालन गर्न ‘हिमाल समृद्धि कार्यक्रम’ सञ्चालन गरिनेछ ।

– आगामी आर्थिक वर्षमा थप १५ हजार सय हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गरिनेछ । तराई–मधेशका तीन लाख १८ हजार हेक्टर खेतीयोग्य जमिनमा क्लस्टरमा आधारित स्यालो तथा डिप ट्युबवेलबाट सिँचाइ सेवा विस्तार गरिनेछ ।

– कर्णाली प्रदेशमा ‘एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रम’ कार्यान्वयन गरिनेछ ।

– आगामी आर्थिक वर्षमा पाँच लाख भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गरिनेछ । गुठीलगायत सबै जग्गाको दोहोरो स्वामित्वसम्बन्धी समस्या समाधान गरिनेछ ।

– डढेलो, सुक्खा, बाढी व्यवस्थापन र जल पुनर्भरण गर्न चुरे क्षेत्र र भित्री मधेसका स्थानीय तहहरूमा स्थानीय सामग्री प्रयोग गरी कम्तीमा १० वटा जलाशय निर्माण गरिनेछ ।

– कर्णाली प्रदेशको प्राकृतिक स्रोतलाई स्थानीय जनताको समृद्धिमा उपयोग गर्न स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा कृषि र वन पैदावारमा आधारित ‘समृद्ध कर्णाली उद्यमशीलता कार्यक्रम’ सञ्चालन गरिनेछ ।

– जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका राष्ट्रिय नीति तथा कार्ययोजना कार्यान्वयन गरिनेछ । ‘जलवायु परिवर्तन, हिमाल र मानवजातिको भविष्य’ विषयमा अन्तर्राष्ट्रिय संवाद आयोजना गरिनेछ । जलवायु परिवर्तनबाट परेका असरलाई एकीकृत र सन्तुलित रूपमा सम्बोधन गर्न ‘राष्ट्रपति जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रम’ सञ्चालन गरिनेछ ।

– दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

– नवप्रवर्तन र स्टार्टअप राष्ट्रिय अभियान सञ्चालन गरिनेछ । तीनै तहका सरकारका साथै निजी क्षेत्रको सहकार्यमा राष्ट्रिय स्टार्टअप उद्यम नीतिको कार्यान्वयन गरिनेछ । आगामी आर्थिक वर्ष कम्तीमा एक हजार युवालाई स्टार्टअप व्यवसाय सञ्चालन गर्न सहुलियत कर्जा प्रदान गरिनेछ ।

– आगामी आर्थिक वर्ष कम्तीमा एक हजार लघु, घरेलु तथा साना उद्योगीलाई ब्याजमा अनुदान तथा प्रविधि उपलब्ध गराइनेछ ।

– गोरखामा एग्रो इण्डस्ट्रियल पार्क, सुदूरपश्चिम प्रदेशमा मेगा फुड पार्क तथा कर्णाली प्रदेशमा खाद्य तथा फलफूल प्रशोधन केन्द्रको स्थापना गरिनेछ । घरेलु मदिराको गुणस्तर सुनिश्चित गरी नियन्त्रित उत्पादन, ब्राण्डिङ तथा निर्यात गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

– उपभोक्ताको संवैधानिक अधिकार प्रत्याभूति गर्न उपभोक्ता अदालत गठन गरिनेछ ।

– राष्ट्रिय पर्यटकीय गन्तव्य प्रोफाइल तयार गरी पर्यटकीय गन्तव्यको पहिचान, विकास र प्रवद्र्धधन गरिनेछ ।

– हलिउड तथा बलिउडलगायतका अन्तर्राष्ट्रिय चलचित्र निर्मातालाई नेपालमा चलचित्र छायाङ्कनका लागि आकर्षित गरी चलचित्र पर्यटन प्रवद्र्धन गरिनेछ ।

– पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि विशेष प्रोत्साहन प्याकेजको व्यवस्था गरिनेछ ।

– जानकी मन्दिर लगायतका महत्वपूर्ण सम्पदालाई विश्वसम्पदा सूचीमा समावेश गर्न पहल गरिनेछ । बुद्ध परिपथ, शिव परिपथ, रामायण परिपथ, किराँत सांस्कृतिक परिपथको मार्ग निर्धारण गरी पर्यटन प्रवद्र्धधन गरिनेछ ।

– ‘परिवर्तनका लागि कला र साहित्य कार्यक्रम’ सञ्चालन गरिनेछ ।

– काठमाडौं–तराई÷मधेश द्रुतमार्ग सडक निर्माण विसं २०८३ भित्र सम्पन्न गरिनेछ । आगामी आर्थिक वर्षभित्र नागढुङ्गा सुरुङमार्ग र ग्वार्को ओभरपास सञ्चालनमा ल्याइनेछ ।

– पूर्वपश्चिम विद्युतीय रेलमार्गको बर्दिवास–चोचा खण्डको निर्माण सम्पन्न गरिनेछ । केरुङ–काठमाडौँ रेलमार्गको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिनेछ । रक्सौल–काठमाडौँ रेलमार्गको लगानी विधि निक्र्यौल गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।

– सुनकोशी र नारायणी नदीमा टर्मिनलसहितको जलमार्ग निर्माण गरिनेछ । समुद्रमा सञ्चालन हुने पानीजहाज नेपालमा दर्ता हुने कानुनी प्रबन्ध गरिनेछ ।

– निजी क्षेत्रले समेत जग्गा विकास कार्यक्रम सञ्चालन गर्नसक्ने नीतिगत व्यवस्था गरिनेछ ।

– क्लस्टर सिटीको अवधारणामा लुम्बिनी, पोखरा र जनकपुरमा एकीकृत सहरी पूर्वाधार निर्माण गरिनेछ ।

– आगामी आर्थिक वर्षभित्र राष्ट्रिय प्रणालीको कुल विद्युत् जडित क्षमता चार हजार पाँच सय मेगावाट र प्रतिव्यक्ति विद्युत् खपत चार सय ५० किलोवाट घण्टा पुऱ्याइनेछ ।



– बूढीगण्डकी र नलसिङगाड जलाशययुक्त आयोजनाको निर्माण कार्य अगाडि बढाइनेछ । दुधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माणपूर्वका कार्य सम्पन्न गरिनेछ । माथिल्लो अरुण, फुकोट कर्णाली, तामाकोशी–५, जगदुल्ला, चैनपुर सेती जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनसहित कार्यान्वयन सुरु गरिनेछ ।

– हेटौँडा–ढल्केबर–इनरुवा प्रसारण लाइनको निर्माण सम्पन्न गरिनेछ । बूढीगण्डकी कोरिडोर प्रसारण लाइनको निर्माण सुरु गरिनेछ । न्यू बुटवल–गोरखपुर खण्डको प्रसारण लाइन निर्माण कार्य अघि बढाइनेछ । इनरुवा–पूर्णिया र दोदोधारा–बरेली अन्तरदेशीय प्रसारण लाइनको लगानी विधि तय गरी निर्माण प्रारम्भ गरिनेछ ।

–सिँचाइ, कृषि र कृषिमा आधारित उद्योगले खपत गर्ने विद्युत्मा सहुलियत प्रदान गरिनेछ ।

– महिलालाई आर्थिक रूपमा सक्षम, सबल र सशक्त बनाउन ‘प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम’ सञ्चालन गरिनेछ । सबै प्रहरी चौकीमा महिला सहायता कक्षको व्यवस्था गरिनेछ ।

– बालसुधार गृहमा रहेका सबै बालबालिकाको निःशुल्क स्वास्थ्य बिमा गरिनेछ । विसं २०८२ सम्ममा नेपाललाई सडक मानवमुक्त बनाइनेछ ।

– ज्येष्ठ नागरिकलाई स्थानीय तहमार्फत घरमा नै नियमित स्वास्थ्य परीक्षण एवं औषधि उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

– आगामी पाँच वर्षभित्र सबै बालबालिकालाई आधारभूत शिक्षा प्राप्त हुने सुनिश्चित गरिनेछ । गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि गर्न ‘एक पालिका एक स्मार्ट विद्यालय’ अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

– विपन्नलक्षित छात्रवृत्ति १२ कक्षासम्म विस्तार गरिनेछ । उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई सरकारी कार्यप्रणालीको आधारभूत तालिम प्रदान गरिनेछ ।

– माध्यमिक विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षकको अभावपूर्ति गर्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई मूल्याङ्कनसहितको शिक्षण इन्टर्नसिपमा पठाउने प्रबन्ध गरिनेछ ।

– सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा तीन सय शय्या क्षमताको मेडिकल कलेज र प्राज्ञिक कार्यक्रम यसै वर्ष सञ्चालनमा ल्याइनेछ । उदयपुर, मोरङ, पर्सा, चितवनलगायत देशका अन्य स्थानमा मेडिकल कलेज स्थापना तथा सञ्चालनका लागि आवश्यक तयारी गरिनेछ ।

– वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, कान्ति बाल अस्पताललगायत पर्याप्त जनशक्ति उपलब्ध भएका अस्पतालहरूमा दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गरिनेछ ।

– प्रत्येक प्रदेशका कम्तीमा एक सङ्घीय अस्पताल र कम्तीमा दुई अन्य अस्पतालमा टेलिमेडिसिन सेवा सञ्चालन गरिनेछ ।

– देशभरका सरकारी, गैरसरकारी लगायत सबै सङ्गठित क्षेत्रलाई स्वास्थ्य बिमामा अनिवार्य आबद्ध हुने व्यवस्था गरिनेछ ।

– वैदेशिक रोजगारबाट फर्केका नागरिकका सिप र व्यावसायिक दक्षताका आधारमा उद्यमशीलता विकास तथा रोजगारी सिर्जना गर्न प्रदेश तथा स्थानीय तह एवं वैदेशिक रोजगार बोर्डसमेतको संलग्नतामा व्यवसाय सञ्चालन गर्न ‘रिटर्नी उद्यमशीलता कार्यक्रम’ कार्यान्वयन गरिनेछ ।

– सरकारी र निजी प्रतिष्ठानमा अनिवार्य श्रम अडिट गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई औपचारिकीकरण गर्न राष्ट्रिय रणनीति तर्जुमा गरिनेछ ।

– विभिन्न निकायबाट प्रदान गरिने सार्वजनिक सेवाहरू एकै स्थानबाट प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा नागरिक सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ ।

– नेपालको आफ्नै भू–उपग्रह स्थापना गर्ने कार्य अघि बढाइनेछ । डाटा सेन्टरको निर्माण र सञ्चालनसम्बन्धी मापदण्ड तयार गरिनेछ । सूचना प्रविधि राष्ट्रिय ज्ञानपार्क स्थापनाको कार्य अगाडि बढाइनेछ ।

– सार्वजनिक निकायमा प्रयोग भइरहेका हार्डवेयर, सफ्टवेयर, नेटवर्क, साइबर सुरक्षालगायतका सूचना प्रविधि प्रणालीहरूको प्राविधिक परीक्षण गरिनेछ ।

– सूचना प्रविधिलाई डिजिटल रुपान्तरणको आधारको रूपमा लिई सामाजिक–आर्थिक रूपान्तरण एवं समृद्धि हासिल गर्न आगामी दशकलाई सूचना प्रविधि दशकको रूपमा अगाडि बढाइनेछ ।

– सूचना प्रविधि उद्योगलाई रोजगारी र सेवा निर्यातको प्रमुख क्षेत्रको रूपमा विकास गर्न प्रोत्साहन गरी नेपाललाई ग्लोबल सूचना प्रविधि हबको रूपमा विकास गरिनेछ । काठमाडौं उपत्यका र प्रत्येक प्रदेशका उपयुक्त स्थानमा सूचना प्रविधि वर्कस्टेसन सञ्चालन गरी कम्तीमा ५ हजार रोजगारी सिर्जना गरिनेछ ।

– अत्याधुनिक, गुणस्तरीय र प्रतिस्पर्धी मुद्रणको व्यवस्था गरी अन्तःशुल्क स्टिकर, हुलाक टिकट, सवारी चालक अनुमतिपत्र, राहदानीजस्ता सुरक्षण मुद्रण स्वदेशमै हुने प्रबन्ध मिलाइनेछ ।

– विभिन्न विषय क्षेत्रका एक हजार प्रतिभावान युवालाई फेलोसिप उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

– आगामी आर्थिक वर्षमा दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ । आधुनिक प्रविधियुक्त इ–स्पोर्टसको अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरिनेछ ।

– काठमाडौँको मूलपानी, मोरङको विराटनगर र कैलालीको फाप्ला क्रिकेट रङ्गशाला निर्माणलाई तीव्रता दिइनेछ । चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध क्रिकेट रङ्गशालाको निर्माण सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारीमा अघि बढाइनेछ । कीर्तिपुर क्रिकेट रङ्गशालाको स्तरोन्नतिसहित थप निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

– सबै तहका प्रहरी कर्मचारीको सेवानिवृत्त हुने अवधि पुनरावलोकन गरी बढुवा प्रणालीलाई अनुमानयोग्य बनाइनेछ ।

– प्रदेशसँगको समन्वयमा खुला कारागार सञ्चालन गरिनेछ ।

– राष्ट्रिय परिचयपत्र प्रणालीलाई राज्यबाट प्रवाह हुने सबै प्रकारका नागरिक सेवासुविधासँग आबद्ध गरिनेछ । नागरिक सेवासँग सम्बन्धित सबै सरकारी विद्युतीय प्रणालीलाई नागरिक एपमा आबद्ध गरी मोबाइलबाटै अधिकांश सेवा लिन सकिने व्यवस्था मिलाइनेछ ।

– गाँजाको औषधीजन्य उपयोग, नियन्त्रित उत्पादन र व्यवसायीकरणलाई प्रोत्साहन गर्न नीतिगत र कानूनी प्रबन्ध गरिनेछ ।

– राष्ट्रका लागि आवश्यक सुरक्षा तथा प्रतिरक्षा सामग्री, अत्यावश्यक गोलीगट्ठा, विस्फोटक पदार्थ, लत्ताकपडा लगायत अन्य सैन्य सामग्री उत्पादनमा आत्मनिर्भरता हासिल गर्दै जाने नीति लिइनेछ ।

– प्रदेश र स्थानीय तहसँगको समन्वयमा निःशुल्क कानूनी सहायतासम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

– शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम शीघ्र सम्पन्न गरिनेछ । शान्ति प्रक्रिया र द्वन्द्व रूपान्तरणका क्रममा भएका सहमति, समझदारी एवं सम्झौताको एकीकृत अभिलेख तयार गरिनेछ । जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनलगायत विभिन्न राजनीतिक परिवर्तनको आन्दोलनका घाइते तथा अपाङ्गको सूची अद्यावधिक गर्न र समस्याको दिगो समाधान गर्न उच्चस्तरीय समिति गठन गरिनेछ ।

– सशस्त्र द्वन्द्व तथा जनआन्दोलनका घाइते र अपाङ्गता भएकालाई जीवननिर्वाह भत्ता वितरण तथा द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, उपचार, आवश्यक उपकरण, शिक्षा, रोजगारी, स्वरोजगारका अवसर र आर्थिक सहायता उपलब्ध गराई पुनःस्थापना र परिपूरणलगायतका कार्य गर्न शान्ति कोषको व्यवस्था गरिनेछ ।

– राजनीतिक परिवर्तनका लागि सशस्त्र सङ्घर्ष लगायतका आन्दोलनका योद्धाहरूलाई गणतान्त्रिक योद्धा सम्मान प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

द्वन्द्वका क्रममा अपाङ्ग भएका व्यक्तिहरूको अपाङ्गता प्रतिशतलाई पुनरावलोकन तथा पुनर्निर्धारण गरी औषधोपचारका लागि राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पताललाई डेडिकेटेड अस्पतालका रूपमा तोकिनेछ ।

– जाजरकोट, बझाङ, डोटी केन्द्रबिन्दु बनाई गएका भूकम्पबाट क्षति भएका निजी आवास तथा सार्वजनिक संरचनाको प्रबलीकरण, पुनर्निर्माण र पुनःस्थापना कार्य शीघ्र सम्पन्न गरिनेछ ।

– सङ्घीय निजामती सेवा कानुन यथाशीघ्र कार्यान्वयनमा ल्याईनेछ ।

– सरकारी सेवाप्रवाहमा टोकन र टाइम कार्ड प्रणाली लागु गरिनेछ ।

– दलित समुदायका परम्परागत सिप, ज्ञान र पेसालाई आधुनिकीकरण एवं व्यवसायिकीकरण गर्न सातवटै प्रदेशमा ‘शिल्पी उद्यमशीलता विशेष कार्यक्रम’ सञ्चालन गरिनेछ । मुस्लिम, पिछडिएका वर्ग र आदिवासी जनजातिको उत्थानका लागि विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ ।

– ठगी, मिटर ब्याजलगायतका अनुचित लेनदेन, जालसाजीजस्ता आर्थिक तथा वित्तीय अपराध र सार्वजनिक सम्पत्ति एवं स्रोतसाधनको अनुचित दोहनजस्ता गैरकानुनी कार्यलाई कडाइका साथ नियन्त्रण गरिनेछ ।

– प्रवासमा बस्ने नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न आवश्यक कानुनी एवं व्यवस्थापकीय प्रबन्ध मिलाइनेछ ।

– पूर्व राजपरिवारको स्वामित्वको सम्पत्ति खोजबिन तथा संरक्षणलाई निरन्तरता दिनुका साथै प्राप्त सम्पत्तिको समुचित उपयोगका लागि व्यावसायिक तथा रणनीतिक योजना बनाई कार्यान्वयन गरिनेछ ।

– राष्ट्रियता, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, रणनीतिक पूर्वाधार एवं सामाजिक–आर्थिक रूपान्तरणका आधारभूत विषयमा राष्ट्रिय सहमति निर्माण गरिनेछ ।

सीमा समस्या समाधानका लागि कूटनीतिक पहल गरिनेछ ।

– तराई–मधेश क्षेत्रमा थोक वितरण प्रणालीमार्फत खानेपानी आपूर्ति गर्न विस्तृत अध्ययन गर्नुका साथै डिप ट्युबवेल जडान गरी खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

– मेलम्ची खानेपानी आयोजनाबाट बाह्रै महिना खानेपानी आपूर्ति हुने व्यवस्था मिलाई काठमाडौँ उपत्यकाको चक्रपथ बाहिर र भक्तपुर जिल्लाको अरनिको राजमार्गसँग जोडिएका क्षेत्रमा क्रमशः खानेपानी आपूर्ति गरिनेछ ।

काठमाडौँ उपत्यकाको खानेपानी समस्याको दिगो समाधान गर्न शिवपुरी राष्ट्रिय निकुञ्जलगायतका जलाधार क्षेत्रमा रहेका स्रोतबाट पानी सङ्कलन गरी वितरण गर्ने प्रबन्ध मिलाइनेछ ।

# बैंक तथा वित्तीय संस्थाका समस्या समाधान गरिने




**रासस**
**काठमाडौँ ।**
सरकारले बैंक, वित्तीय संस्था, लघुवित्त तथा सहकारीका क्षेत्रमा देखिएका समस्या समाधानका आवश्यक पहल गर्ने बताएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार सङ्घीय संसदका दुवै सदनको संयुक्त बैठकमा पेस गरेको सरकारको आगामी आर्थिक वर्ष २०८१÷८२ को वार्षिक नीति तथा कार्यक्रममा बैंक, वित्तीय संस्था, लघुवित्त तथा सहकारीका क्षेत्रमा देखिएका समस्या समाधानका आवश्यक पहल गर्ने उल्लेख गरेको छ । बैंक तथा वित्तीय संस्थाका समस्या समाधानका लागि कानुनी तथा नीतिगत प्रबन्ध र केही नयाँ व्यवस्थासमेत कार्यन्वयन गर्ने नीति सरकारले लिन लागेको हो ।

'नियमन र सुपरिवेक्षणलाई सुदृढ गर्दै वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी र भरपर्दो बनाइनेछ । बैङ्क तथा वित्तीय संस्था, लघुवित्त, सहकारी, बीमा र पूँजीबजारमा देखिएका समस्या समाधान गर्न विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझावहरू क्रमशः कार्यान्वयन गरिनेछ । लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनःसंरचना गरिनेछ', सरकारको नीति तथा कार्यक्रममा भनिएको छ, 'सहकारी संस्थाहरू स्थापनाको उद्देश्यअनुरूप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ । सहकारी नीतिलाई समयानुकूल बनाइनेछ ।' सहकारी संस्थाको सघन सुपरिवेक्षण र नियमनका लागि विशिष्टीकृत नियामक निकाय स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । त्यसैगरी सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असूली न्यायाधीकरणमार्फत सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिने जनाइएको छ ।

'सहकारी संस्थाहरू अनिवार्य रूपमा सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था गरिनेछ । सरकारको शेयर स्वामित्व भएका साझा सहकारी संस्थालाई एकीकरण गर्ने व्यवस्था मिलाइनेछ । बचत तथा ऋण सहकारीलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ', सरकारको वार्षिक नीति तथा कार्यक्रममा भनिएको छ । मुलुकभित्र व्यावसायिक वातावरण निर्माण गरी उद्योगी व्यवसायीको मनोबल बढाइने नीति पनि सरकारले लिएको छ ।

छरिएर रहेका साना पुँजी एकत्रित गरी ठूला परियोजना कार्यान्वयन गर्न एवम् बन्द भएका उद्योग कलकारखाना सञ्चालन र व्यवस्थापन गर्न निजी लगानी कम्पनीलाई प्रोत्साहन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

'निजी क्षेत्र प्रतिस्पर्धी भएका र गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, हेटौँडा कपडा उद्योगलगायतका बन्द तथा रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थान सम्भाव्यताको आधारमा सार्वजनिक–निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिनेछ', राष्ट्रपति पौडेलले नीति तथा कार्यक्रम सार्वजनिक गर्दै भने । राजस्व बाँडफाँटलाई समन्यायिक, सन्तुलित र अनुमानयोग्य बनाइने विषय पनि नीति तथा कार्यक्रममा राखिएको छ । त्यसैगरी, खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय हस्तान्तरण गरिनेछ जनाइएको छ ।

'वस्तुगत मापदण्डका आधारमा ससर्त अनुदान हस्तान्तरण गरिनेछ । तीन तहका सरकारबीच प्राकृतिक स्रोतको परिचालन एवम् बाँडफाँट, लगानी तथा प्रतिफलको हिस्सा निर्धारण तथा विवाद निरूपणका लागि एकीकृत कानून तर्जुमा गरिनेछ । तीनै तहका विद्युतीय प्रणालीहरूबीच

अन्तर–आबद्धता कायम गर्दै सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ तुल्याइनेछ', सरकारको वार्षिक नीति तथा कार्यक्रममा भनिएको छ ।

आन्तरिक तथा बाह्य लगानीको वातावरण सुधार र क्षेत्र बिस्तार गर्न थप कानूनी तथा संरचनागत व्यवस्था गरिनेछ जनाइएको छ । निजी पुँजी आकर्षित गर्न थप कानूनी प्रबन्धसहित विकास वित्तका नवीनतम उपकरण परिचालन गरिने नीति सरकारले लिएको छ ।

'विश्वव्यापी रूपमा प्रचलनमा रहेका ऋण तथा अन्य मिश्रित स्वरूपका विदेशी लगानी भित्र्याउन सहजीकरण गरिनेछ । आगामी आर्थिक वर्ष नेपालको कन्ट्री रेटिङ सम्पन्न गरिनेछ । स्वचालित डिजिटल प्रणाली कार्यान्वयनमा ल्याई स्वदेशी तथा विदेशी लगानी स्वीकृति प्रक्रियालाई सरल, सहज र अनुमानयोग्य बनाइनेछ', नीति तथा कार्यक्रममा भनिएको छ ।

# सुदूरपश्चिममा ३४ प्रतिशत बजेट खर्च

**रासस**
**काठमाडौँ ।**
सुदूरपश्चिम प्रदेश सरकारले कूल विनियोजित बजेटको ३४ दशमलव पाँच प्रतिशत बजेटमात्र खर्च गरेको छ । चालु आव २०८०÷८१ को साउनदेखि वैशाख मसान्तसम्मको १० महिनाको अवधिमा प्रदेश सरकारले कूल विनियोजित बजेटको ३४ दशमलव पाँच प्रतिशत अर्थात् १० अर्ब ६४ करोड ६३ लाख रुपैयाँ खर्च गरेको हो । सो अवधिमा प्रदेश सरकारले चालुतर्फ पाँच अर्ब तीन करोड ४४ लाख रुपैयाँ र पूँजीगततर्फ पाँच अर्ब ६१ करोड १८ लाख रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालय कैलालीका सूचना अधिकारी यज्ञराज पाण्डेयले जानकारी दिए ।

उनका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी चार अर्ब ९२ करोड ३१ लाख रुपैयाँ बजेट खर्च गरेको छ । सामाजिक विकास मन्त्रालयले दुई अर्ब ४७ करोड नौ लाख रुपैयाँ, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ७८ करोड ७१ लाख रुपैयाँ र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ७१ करोड १८ लाख रुपैयाँ खर्च गरेको उनले जानकारी दिए । सूचना अधिकारी पाण्डेयका अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १४ करोड ६२ लाख रुपैयाँ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १४ करोड नौ लाख रुपैयाँ र आर्थिक मामिला मन्त्रालयले छ करोड ६६ लाख रुपैयाँ खर्च गरेको छ ।

त्यस्तै, प्रदेश व्यवस्थापिकाले १० करोड १६ लाख रुपैयाँ, प्रदेश लोक सेवा आयोगले चार करोड चार लाख रुपैयाँ र प्रदेश नीति तथा योजना आयोगले एक करोड ७३ लाख रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारले चालु आवका लागि कूल २९ अर्ब २८ करोड ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । त्यसमध्ये चालुतर्फ ११ अर्ब ९६ करोड १६ लाख रुपैयाँ, पूँजीगततर्फ १७ अर्ब दुई करोड २३ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ ३० करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

# दिगो विकासका लक्ष्य प्राप्तिमा स्वीडेनले सघाउने

**रासस**
**काठमाडौँ ।**
स्वीडेनले दिगो विकासका लक्ष्य प्राप्तिका निम्ति नेपाललाई सघाउने प्रतिबद्धता व्यक्त गरेको छ । युरोपेली सङ्घ–नेपाल व्यापार मञ्चको बैठकमा भाग लिन काठमाडौँ आउनुअघि नेपालका लागि स्वीडेनका गैरआवासीय राजदूत जान थेसलेफले नयाँदिल्लीबाट जारी गरेको वक्तव्यमा उक्त प्रतिबद्धता व्यक्त गरिएको छ । यही जेठ २ र ३ गते यहाँ आयोजना हुने युरोपेली सङ्घ–नेपाल व्यापार मञ्चको बैठकमा भाग लिने स्वीडिस प्रतिनिधिमण्डलको नेतृत्व गर्दै मंगलबार राजदूत थेसलेफ काठमाडौँ आएका छन् ।

'स्वीडेन र नेपालबीचको व्यापार प्रवर्द्धनका साथै नेपालमा स्वीडिस कम्पनीहरूको व्यापार साझेदारीका सम्भावनाहरूको खोजी गर्न बैठकमा मेरो सहभागिता उपयोगी हुने विश्वास गरेको छु' उनले वक्तव्यमा भनेका छन् । राजदूत थेसलेफले स्वीडेन–नेपाल सम्बन्धलाई अझ सुदृढ तुल्याउन आफ्नो भ्रमण उपयोगी हुने विश्वास व्यक्त गर्दै जलवायु पहल र दिगो विकासका लक्ष्य हासिल गर्ने नेपाल सरकारको लक्ष्यमा सघाउन स्वीडेन प्रतिबद्ध रहेको बताए । राजदूत थेसलेफ नेतृत्वको प्रतिनिधिमण्डलमा स्वीडेनका उद्यमी, व्यवसायी, सरकारी प्रतिनिधिका साथै ऊर्जा निकायका पदाधिकारी सहभागी हुन् ।

स्वीडेन र नेपालबीच सन् १९६० मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यसयता दुई देशबीचको आपसी सम्मान, समझदारी र मित्रतामा आधारित सम्बन्ध निरन्तर प्रगाढ बन्दै आएको छ ।

# पुनःनिर्माणका लागि ६३ अर्ब लाग्ने



**रासस**
**काठमाडौँ ।**
विभिन्न समयमा गएका तीन वटा भूकम्पका कारण क्षतिग्रस्त संरचना पुनःनिर्माणका लागि ६३ अर्ब ५८ करोड रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गरेको प्रारम्भिक क्षति मूल्याङ्कनमा झण्डै ५८ अर्ब रुपैयाँको क्षति भएको र त्यसको पुनःनिर्माणका लागि साढे ६३ अर्ब रुपैयाँभन्दा बढी लाग्ने अनुमान गरिएको हो ।

प्राधिकरणका नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख भरतमणि पाण्डेका अनुसार प्रारम्भिक रुपमा अध्ययन गरेर पुनःनिर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाइसकिएको जानकारी दिए । विसं २०८० कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर छ दशमलव चार रेक्टर स्केलको भूकम्प गएको थियो । उक्त भूकम्पमा परेर १५४ जनाको मृत्यु भएको थियो भने ३६६ जना घाइते भएका थिए । विसं २०८० असोज १६ गते बझाङमा पाँच दशमलव तीन रेक्टरस्केलको भूकम्प जाँदा एक जनाको मृत्यु र ३० जना घाइते भएका थिए । त्यसअघि २०७९ कात्तिक २२ मा डोटीमा छ दशमलव छ रेक्टरको भूकम्प जाँदा छ जनाको मृत्यु र आठ जना घाइते भएका थिए ।

ती तीनै वटा भूकम्पबाट ९५ हजार ७८७ घर क्षति भएको विवरण छ । ती घरमा कुल ४३ अर्ब ३९ करोड रुपैयाँ क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । त्यसबाहेक दुई सय चार वटा विद्यालय भवन, ७० सरकारी र सार्वजनिक भवन, ११ वटा साँस्कृतिक सम्पदा, झण्डै दुई सय किलोमिटर सडक र एक सय २१ वटा सिंचाई आयोजनामा क्षति पुगेको थियो । सबैभन्दा बढी मानवीय र भौतिक क्षति जाजरकोट भूकम्पले गराएको थियो । उक्त भुकम्पमा मात्रै ८६ हजार बढी घर क्षति भएको छ ।

प्राधिकरणले गरेको प्रारम्भिक मूल्याङ्कनमा निजी आवास, सरकारी भवन, स्वास्थ्य, शिक्षा र तथा साँस्कृतिक भवनको पुनःनिर्माणका लागि ५२ अर्ब ४६ करोड रुपैयाँ, अन्य पूर्वाधार क्षेत्र पुनःनिर्माणका लागि सात अर्ब १८ करोड रुपैयाँ, उत्पादनशिल क्षेत्रका लागि एक अर्ब ७३ करोड रुपैयाँ र अन्य गरेर कुल ६३ अर्ब ५८ करोड रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । सोही आधारमा पुनःनिर्माणको आवश्यक प्रक्रिया अघि बढाउन थालिएको छ ।

जाजरकोट, बझाङ्ग र डोटीलाई केन्द्रविन्दु बनाएर गएको भूकम्पका कारण क्षति भएका निजी आवास, सार्वजनिक भवन र अन्य भौतिक संरचनाहरुको प्रबलीकरण, पुनःनिर्माण र पुनःस्थापनाको योजना तर्जुमा गर्न विस्तृत क्षति आकलनको अवधारण स्वीकृत गरी बजेटका लागि अर्थ मन्त्रालयमा सहमति माग्ने निर्णय यसअघि नै भइसकेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले यसअघि गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले 'विपद् प्रभावितको निजी आवास प्रवलिकरण, पुनःनिर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०८१' स्वीकृत पनि गरिसकेकाले अब पुनःनिर्माणका काम अघि बढाइने जानकारी दिए । यसपटक लाभग्राही कायम गरी 'क', 'ख' र 'ग'मा वर्गीकरण गरिने र आवास पुनःनिर्माणको काम अघि बढाइने उनले बताए ।

कार्यविधिमा स्थानीय तहलाई बढी जिम्मेवार बनाइएको छ । क्षतिको प्रारम्भिक लेखाजोखा स्थानीय तहले गर्ने छ । क्षति आकलन पनि पहिलो प्राथमिकतामा स्थानीय तहलाई नै दिइएको छ । उसले नसकेमा स्थानीय तहलाई प्रदेश र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले समन्वय गर्ने छ । स्थानीय तहबाट आएको विवरणका आधारमा विश्लेषण गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले लाभग्राही पहिचान र कायम गर्नेछ । त्यसपछि लाभग्राही र वडाध्यक्षबीच सम्झौता हुने छ । सम्झौताको २ वर्षभित्रमा पुनःनिर्माण सक्ने गरी कार्यविधि तयार पारिएको छ ।

# बेइजिङ भ्रमण गर्दै पुटिन



**एएफपी**
**बेइजिङ ।**
रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले चिनियाँ राष्ट्रपति सी जिनपिङको निमन्त्रणामा यसै हप्ता चीनको भ्रमण गर्ने बेइजिङको विदेश मन्त्रालयले मङ्गलबार जनाएको छ । पुटिन बिहीबारदेखि शुक्रबारसम्म बेइजिङ भ्रमणमा रहने विदेश मन्त्रालयका प्रवक्ता हुआ चुनयिङले बताए । रूसी नेताको छ महिनाभन्दा लामो समयमा दोस्रो चीन भ्रमण हो भने मार्चमा राष्ट्रपतिमा पुनः निर्वाचित भएपछि पहिलो विदेश भ्रमण हो । पश्चिमले आफ्नो सैन्य आक्रमणलाई लिएर अभूतपूर्व प्रतिबन्धहरू लगाएका कारण रूस एक महत्त्वपूर्ण आर्थिक जीवन रेखाका रूपमा चीनमा तीव्ररूपम निर्भर रहेको विश्लेषकहरू बताएका छन् ।

बेइजिङले मस्कोसँगको आफ्नो सम्बन्धप्रतिको आलोचनालाई अस्वीकार गरेको छ । उसले 'कुनै सीमा नभएको' साझेदारीको प्रशंसा गरेको छ । चीनले सस्तो रूसी ऊर्जा आयात र पावर अफ साइबेरिया पाइपलाइनमार्फत स्थिर ग्यास ढुवानीसहित विशाल प्राकृतिक स्रोतहरूमा पहुँच प्राप्त गरेको छ । तथापि उक्त आर्थिक साझेदारी पश्चिममा कडा जाँचको दायरामा आउँदा चिनियाँ बैंकहरूलाई अमेरिकी प्रतिबन्धको डरले विश्वव्यापी वित्तीय प्रणालीबाट अलग गर्नसक्ने डर छ । त्यसैले उनीहरूले रुसी व्यवसायमाथि नियन्त्रण सुरु गरेका छन् ।

'चीनले आफूलाई समर्थन गर्न अझ धेरै प्रयास गरोस् भने रुस चाहन्छ । यस्तो गर्न चीन अनिच्छुक छ किनकी ऊ पश्चिमसँगको आफ्नो सम्बन्धलाई खतरामा पार्न चाहँदैन', कार्नेगी रुस युरेसिया केन्द्रका निर्देशक अलेक्जेन्डर गाबुयेभले भने । चिनियाँ भन्सार तथ्याङ्कअनुसार युक्रेनमा आक्रमणपछि चीन र रुसबीचको व्यापार बढेको छ । यसलाई बेइजिङले कहिले पनि निन्दा गरेको छैन । सन् २०२३ मा यी दुई मुलुकबीचको व्यापार दुई खर्ब ४० अर्बसम्म पुगेको छ । यद्यपि वासिङ्टनले मस्कोलाई सुविधा दिने वित्तीय संस्थाहरूलाई कारबाही गर्ने वाचा गरेपछि वर्षको सुरुमा रुसमा बढेको चिनियाँ निर्यात मार्च र अप्रिलमा घटेको छ ।

आफूलाई रुसबाट अलग हुने बढ्दो माग वा यसको परिणामको सामना गरिरहेकाले बेइजिङ रुसको सङ्घर्षरत अर्थतन्त्र सम्हाल्न तयार नभएपछि यस्तो भएको हो । 'चिनियाँ बैंकहरू प्रतिष्ठित लागतका बारेमा चिन्तित छन् किनकि उनीहरूले ठूला प्रतिबन्धहरू रोक्न खोजेका छन्', सिएनएका वरिष्ठ अनुसन्धान वैज्ञानिक एलिजाबेथ विशनिकले एएफपीलाई भने 'निश्चितरूपमा प्रमुख चिनियाँ बैंकहरू हालको आर्थिक कठिनाइहरूलाई ध्यानमा राख्दै त्यस परिस्थितिबाट बच्न चाहन्छन् ।'

विज्ञहरूले यस हप्ताको अत्यधिक प्रतीकात्मक बैठकले 'कुनै सीमा नभएको' साझेदारीको प्रशंसा गरिने र केही सम्झौताहरूमा हस्ताक्षर र व्यापार बढाउने वाचा गर्ने अपेक्षा गरेका छन् । विश्लेषकहरूका अनुसार बेइजिङले मस्कोलाई समर्थन गर्न कटिबद्ध भएको रुसी नेतालाई राम्रोसँग थाहा छ । यसलाई विश्लेषकहरूले चिनियाँ नीति निर्माता पश्चिमविरुद्ध महत्त्वपूर्ण पर्खाल र अमेरिकी नेतृत्वको विश्व व्यवस्थाविरुद्धको लडाइँमा महत्त्वपूर्ण सहयोगीका रूपमा हेरेका छन् ।

# विश्वकप छनोटका लागि नेपाली फुटबल टोलीको घोषणा



**मधेशदृष्टि**
**वीरगंज ।**
विश्वकप छनोटको दोस्रो चरणअन्तर्गत संयुक्त अरब इमिरेट्स (युएई)विरुद्ध हुने खेलका लागि मंगलबार २८ सदस्यीय नेपाली फुटबल टोलीको घोषणा भएको छ । नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले प्रारम्भिक चरणमा २८ सदस्यीय खेलाडीको घोषणा गरेका हुन् । छनोट हुने नेपाली टोलीको गोलकिपरमा किरण चेम्जोङ, अभिषेक बराल, विशाल सुनार र सन्तोष महत रहेका छन् । त्यसैगरी रक्षकमा अभिषेक लिम्बू, अनन्त तामाङ, विमल पाण्डे, विशाल बस्नेत, छिरिङ लामा, रोहित चन्द, सनिश श्रेष्ठ, सौभाग्य राई, अजय चौधरी र योगेश गुरुङ छनोटमा परेका छन् ।

मिडफिल्डरमा भरत खवास, लकेन लिम्बू, मणिकुमार लामा, मनिष डाँगी, वसन्त जिम्बा, फत्तेमान घले, रोहन कार्की र सुमित श्रेष्ठ छन् भने फरवार्डमा अञ्जन विष्ट, दिनेश हेन्जन, जिलेस्पीजङ्ग कार्की, हिसुब थपलिया, समिर तामाङ र सञ्जीव विष्ट छन् । नेपाल र युएईबीचको खेल यही जेठ २४ गते दशरथ रङ्गशालामा हुने तय भएको थियो । तर दशरथ रङ्गशालाको मापदण्ड नपुगेको भन्दै एएफसी (एसियन फुटबल महासङ्घ) ले खेल 'न्युट्रल भेन्यु'मा गर्न निर्देशन दिएको छ ।

# आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गरिने

**रासस**
**काठमाडौँ ।**
सरकारले नेपाललाई प्राथमिक र आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा मंगलबार प्रस्तुत नेपाल सरकारको आर्थिक वर्ष २०८१/८१ को नीति तथा कार्यक्रममा सो कुरा उल्लेख छ । पर्यटकीय गन्तव्यको प्रोफाइल तयार गरी ती गन्तव्यको पहिचान, विकास र प्रवर्द्धन गर्ने जनाइएको छ । नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति पौडेलले नेपालमा पर्यटक आगमन बढेको र पर्यटकको बसाइ पनि लम्बिएको बताए । सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८२ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । योसँगै सरकारको वर्ष २०२३ मा १० लाख विदेशी पर्यटक भिल्याउने लक्ष पूरा भएको छ । अर्को वर्ष दोब्बर संख्यामा पर्यटक भिल्याउने सरकारले घोषणा गरिसकेको छ ।
कोरोना महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए । सन् २०२४ मा विदेशी पर्यटक आगमन निरन्तर बढिरहेका छन् । पछिल्लो अप्रिल महिनामा मात्रै एक लाख ११ हजार तीन सय ७८ विदेशी पर्यटक नेपाल भ्रमणमा आएका छन् । मुलुकको पर्यटन क्षेत्रको प्रभावकारी प्रवद्र्धनका लागि पर्यटन क्षेत्रका कार्यक्रमको पुनःबजारीकरण गरिनुका साथै पर्यटकीय पूर्वाधारलाई प्राथमिकता दिने नीति तथा कार्यक्रममा उल्लेख छ । 'सरचना सहज पहुँचको व्यवस्था गरी नेपाललाई गन्तव्यका रुपमा विकास गरिनेछ । पर्यटकीय सम्भावना भएका पहाडी भूभागमा स्थानीय स्रोतसाधनको प्रयोग तथा रोजगारी सिर्जना हुनेगरी तीनै तह र निजी क्षेत्रको समन्वयमा टाकुरा पर्यटकीय गन्तव्यको विकास गरिनेछ', नीति तथा कार्यक्रममा भनिएको छ । ग्रेट हिमालयन ट्रेल लगायतका पर्यटकीय पदमार्ग पूर्वाधार निर्माणलाई तीव्रता दिइने उल्लेख छ ।

**चलचित्र पर्यटन प्रवर्द्धन गरिने**
हलिउड तथा बलिउड लगायतका अन्तर्राष्ट्रिय चलचित्र निर्मातालाई नेपालमा चलचित्र छायाङ्कनका लागि आकर्षित गरी चलचित्र पर्यटन प्रवद्र्धन गरिने जनाइएको छ । पर्वतारोहण अनुमति प्रणालीलाई स्वचालित बनाइनेछ । पर्यटक उद्धार केन्द्रसहित पर्यटकीय पूर्वाधारको निर्माण तथा विकास गरिने नीति तथा कार्यक्रममा समेटिएको छ ।

**हवाई नीति समसामयिक बनाइने**
सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममार्फत मुलुकको हवाई नीति र कानूनमा समय सामयिक सुधार गर्ने भएको छ । हवाई सेवालाई थप सुरक्षित, सुलभ र पहुँचयोग्य बनाउने नीति लिएको सरकारले आन्तरिक र अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नत्ति गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने भएको छ । पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि विशेष प्रोत्साहन प्याकेजको व्यवस्था गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । नेपाली वायुसेवा कम्पनीहरुको अन्तर्राष्ट्रिय बजार बिस्तार गरिने नीति तथा कार्यक्रममा भनिएको छ । राष्ट्रिय संस्कृति नीति कार्यान्वयनमा ल्याइनुको साथै राष्ट्रिय महत्वका अभिलेख आधुनिक प्रविधिबाट संरक्षण गर्ने नीति लिएको सरकारले मौलिक, ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्ने भएको छ ।

**धार्मिक पर्यटन प्रवर्द्धनमा जोड**
सांस्कृतिक तथा धार्मिक स्थलहरुको पर्यटकीय विकासका लागि संस्थागत व्यवस्था गर्ने, बुद्ध परिपट, विश परिपथ, रामायण परिपथ, किराँत सांस्कृतिक परिपथको मार्ग निर्धारण गरी पर्यटन प्रवर्द्धन गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । आदिकवि भानुभक्तको जन्मस्थल चुँदी रम्घामा सबै नेपाली भाषाभाषीका मूर्धन्य स्रष्टाहरुको प्रतिमा र सप्तधामसहितको भानु साहित्य उद्यान निर्माण कार्यलाई तीव्रता दिइनेछ । समाज रुपान्तरणका लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति र आन्दोलनसँग सम्बन्धित ऐतिहासिक योगदान गर्ने व्यक्ति र आन्दोलनसँग सम्बन्धित ऐतिहासिक चलचित्र, गीत, सङ्गीत, अनुसन्धान तथा स्वदेशी चलचित्रको प्रवद्र्धन गर्न 'परिवर्तनका लागि कला र साहित्य कार्यक्रम' सञ्चालन गरिने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ ।

# वन्यजन्तुबाट बालीनालीमा हुने क्षति नियन्त्रण गरिने

**रासस**
**काठमाडौँ ।**
सरकारले बाँदर, बँदेल, दुम्सी, हरिण, मृगलगायतका जीवजन्तुबाट बालीनालीमा हुने क्षति न्यून गर्न स्थानीय तहको समन्वयमा नियन्त्रणात्मक कार्यक्रम सञ्चालन गर्ने भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार आगामी आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम सङ्घीय संसद्का संयुक्त बैठकमा प्रस्तुत गर्दै वन्यजन्तुमैत्री पूर्वाधार निर्माण, जैविकमार्ग पुनःस्थापना, नवीन प्रविधिको प्रयोग तथा वैकल्पिक कृषिबाली प्रवद्र्धन गरी वन्यजन्तु वासस्थान सुरक्षा एवम् वन्यजन्तुबाट मानव जीवन तथा कृषिमा पर्ने असर न्यून गरिने उल्लेख गरे । तीनै तहको समन्वय र सहकार्यमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने र चुरे–तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजनालाई समयानुकूल बनाई कार्यान्वयनमा ल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ ।
'राष्ट्रिय वनको रणनीतिक योजना कार्यान्वयन गरिनेछ । राष्ट्रिय वन सूचना प्रणाली विकास गरी वनक्षेत्रको तथ्याङ्क अद्यावधिक गरिनेछ', उनले भने, 'वन, पारिस्थितिकीय प्रणाली र भू–उपयोग नक्साङ्कन तयार गरिनेछ । वनस्पतिको वैज्ञानिक अनुसन्धान, अभिलेखीकरण एवम् वनस्पति उद्यानको प्रभावकारी व्यवस्थापन गरी वानस्पतिक विविधताको स्वस्थानीय र परस्थानीय संरक्षण गरिनेछ ।' राष्ट्रपति पौडेलले वन विकास कोषसमेतको उपयोग गरी दिगो वन व्यवस्थापन, वन क्षेत्रको पुनःस्थापना, डढेलो तथा अतिक्रमण नियन्त्रणजस्ता वन संरक्षण कार्यक्रममा तीनै तहका सरकार र समुदायको सहभागिता सुनिश्चित गरिने बताए । डढेलो, सुक्खा, बाढी व्यवस्थापन र जल पुनःभरण गर्न चुरे क्षेत्र र भित्री मधेशका स्थानीय तहहरूमा स्थानीय सामग्री प्रयोग गरी कम्तीमा १० जलाशय निर्माण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । गैरकाष्ठ वन पैदावार र औषधिजन्य तथा सुगन्धित वनस्पतिको वैज्ञानिक र व्यवस्थित अध्ययन गरी उत्पादन, प्रशोधन र बजारीकरणको व्यावसायिक योजना तयार गरिने तथा प्रदेशसँगको सहकार्यमा वन पैदावारको उत्पादन व्यवस्थित गरी काठ तथा काष्ठजन्य वस्तुको आयात प्रतिस्थापन गरिने सरकारको नीति छ । राजमार्ग र ठूला सडक छेउछाउ फलफूलका बोटविरुवा लगाउन समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ । संरक्षित क्षेत्रमा पर्यापर्यटन प्रवद्र्धन गर्दै सामुदायिक वनमा पर्यापर्यटन र लघु उद्यमका क्रियाकलाप सञ्चालन गरिने नीति कार्यक्रममा उल्लेख छ । सामुदायिक वनबाट प्राप्त प्रतिफलमा सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गरी गरिने तथा व्यावसायिक वन्यजन्तु पालन, प्रजनन तथा उपयोगका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्ने सरकारको नीति छ । कर्णाली प्रदेशको प्राकृतिक स्रोतलाई स्थानीय जनताको समृद्धिमा उपयोग गर्न स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा कृषि र वन पैदावारमा आधारित 'समृद्ध कर्णाली उद्यमशीलता कार्यक्रम' सञ्चालन गर्ने सरकारको नीति छ । प्रमुख सहर र औद्योगिक प्रतिष्ठानहरूमा प्रदूषण मापन गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइने तथा औद्योगिक उत्पादनमा प्रदूषण नियन्त्रण प्रमाणपत्रको व्यवस्था क्रमशः लागू गरिने नीति कार्यक्रममा उल्लेख छ । वातावरणीय मापदण्ड र सर्तको परिपालना कडाइका साथ लागू गरी वातावरणीय परीक्षण तथा अनुगमन प्रभावकारी बनाइने तथा वातावरणीय अध्ययन प्रतिवेदन तयारी र स्वीकृतिको प्रक्रियालाई सरलीकरण गरी निर्दिष्ट समयभित्रै सम्पन्न गरिने राष्ट्रपतिले बताए । लोककल्याणकारी राज्य र सामाजिक न्यायको अवधारणाअनुरूप आगामी आर्थिक वर्षमा पाँच लाख भूमिहीन, सुकुम्वासी, स्ववासी र अव्यवस्थित बसोवासीको समस्या समाधान गरिनेछ । गुठीलगायत सबै जग्गाको दोहोरो स्वामित्वसम्बन्धी समस्या समाधान गरिनेछ । गुठीसम्बन्धी कानूनलाई समयानुकूल बनाइनेछ । सरकारले घरजग्गा कारोबारलाई व्यवस्थित गर्न तथा मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक बनाउन कानूनी तथा संरचनागत सुधार गर्ने भएको छ । मालपोत र नापीसम्बन्धी आधारभूत सेवा स्थानीय तहबाटै एकीकृत रूपमा अनलाइनमार्फत प्राप्त हुने व्यवस्था मिलाइने राष्ट्रपतिले उल्लेख गरे । नापनक्सासम्बन्धी कार्यलाई थप व्यवस्थित र प्रविधियुक्त बनाइने तथा 'डायनामिक डाटम' परिभाषित गरी नापनक्सा कार्यलाई यथार्थपरक बनाइने उल्लेख छ । स्याटेलाइट प्रविधिमा आधारित नियन्त्रण आधार बिन्दुहरूको सञ्जाल विस्तार तथा आधुनिक प्रविधिबाट भूमिको पुनःनापी गरी अभिलेख अद्यावधिक गरिनेछ । भूमिको प्रकृति, स्वरूप र सम्भावनाका आधारमा तीन तहको भू–उपयोग योजना तयार गरी प्रदेश र स्थानीय तहको कार्यान्वयन क्षमता बढाइने नीति तथा कार्यक्रममा उल्लेख छ । सरकारी निकायलाई निःशुल्क रूपमा उपलब्ध हुने निजी जग्गाको नामसारी स्थानीय तहको सिफारिसमा सम्बन्धित जिल्लाका मालपोत कार्यालयबाटै हुने व्यवस्था गर्ने सरकारको सङ्कल्प छ ।

# 'कृषिमा लगानी दशक' घोषणा

**रासस**
**काठमाडौँ ।**
सरकारले कृषि क्षेत्रको विकासका लागि 'कृषिमा लगानी दशक' घोषणा गरी सरकारी, निजी, सहकारी तथा विकास साझेदारको लगानी वृद्धि गर्ने घोषणा गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार सङ्घीय संसदका दुवै सदनको संयुक्त बैठकमा पेस गरेको सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यकममा कृषि, पशुपन्छीपालन र वनको अन्तरसम्बन्ध स्पष्ट हुनेगरी भू–उपयोगमा आधारित कृषि प्रणालीको विकास गरिने उल्लेख छ ।
'वर्तमान सरकारले उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिलाई उच्च प्राथमिकतामा राखेको छ', नीति तथा कार्यक्रममा भनिएको छ, 'देशमा आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न तथा देशभित्र ठूलो मात्रामा रोजगारी सिर्जना गर्न तीनै तह, निजी क्षेत्र, सहकारी र समुदायको साझेदारीमा 'उत्पादन र रोजगारीका लागि साझेदारी' कार्यक्रमसञ्चालन गरिनेछ ।' विभिन्न निकायमा रहेका उत्पादनसँग सम्बन्धित कार्यक्रमलाई एकअर्काको परिपूरक हुने गरी सम्भाव्यताका आधारमा एकीकृत रूपमा कार्यान्वयन गर्ने सरकारको नीति छ । 'कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, व्यवसायीकरण एवम् बजारीकरणको स्पष्ट मार्गचित्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ', नीति तथा कार्यक्रममा भनिएको छ, 'उत्पादनदेखि बजारीकरणसम्मको कृषि इकोसिस्टम सुधार कार्ययोजना कार्यान्वयन गरिनेछ ।' प्रमुख खाद्यान्न तथा तरकारीमा आत्मनिर्भर हुने गरी कृषि क्षेत्रका कार्यक्रमको पुनःसंरचना गरिने र बाली लगाउनुपूर्व नै कृषकहरूलाई उत्पादनका साधनमा सहज पहुँच हुने सुनिश्चित गरिनेछ । नीति तथा कार्यक्रममा कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिने र कृषियोग्य भूमिको संरक्षण, नदी किनारसहितका बाँझो तथा नदी उकास जग्गाको सदुपयोग एवम् चक्लाबन्दी गरिने उल्लेख छ । त्यस्तै, छरिएर रहेका कृषि भूमिको एकीकरण गरी सामूहिक खेती, करार खेती एवम् सहकारी खेतीको प्रवद्र्धन गरिने समेत सरकारको नीति छ । कृषियोग्य जमिनमा व्यावसायिक कृषिको विकास गरी निजी क्षेत्रको सहकार्यमा खाद्य प्रशोधन उद्योग स्थापना गरिने उल्लेख छ । बिउबिजनमा आत्मनिर्भरताका लागि विशेष कार्यक्रम सञ्चालन गरिने र आगामी आर्थिक वर्षभित्र सबै स्थानीय जातका बालीहरू दर्ता गरी उच्च उत्पादक जातिका बाली प्रवद्र्धन गरिने सरकारको नीति छ । कृषि तथा अन्य उद्योगलाई आवश्यक पर्ने कच्चापदार्थ स्वदेशमै उत्पादन गर्न प्रोत्साहित गरिने भएको छ । 'कृषि र कृषिमा आधारित उद्योगीलाई सहज रूपमा कृषि कर्जा उपलब्ध हुने व्यवस्था मिलाइनेछ', नीति तथा कार्यक्रममा भनिएको छ, 'कृषि, पशुपन्छी तथा मत्स्य बीमालाई सूचना प्रविधिमा आधारित बनाई बीमाको पहुँच र दायरा बिस्तार गरिनेछ ।'
उत्पादन, उत्पादकत्व र सम्भाव्यताका आधारमा कृषि उपज विशेष उत्पादन क्षेत्र निर्धारण गरिने सरकारको नीति छ । 'कृषक समूह र सहकारीसँग समन्वय गरी एकीकृत उत्पादन र बजारीकरण कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहलाई प्रोत्साहित गरिनेछ', नीति तथा कार्यक्रममा भनिएको छ, 'सम्भाव्य स्थानमा चैते धान उत्पादन गर्न स्थानीय तहमार्फत कृषकलाई उत्प्रेरित गरिनेछ, कृषियोग्य बाँझो जमिनमा पशुपालन, उच्च मूल्यका फलफूल, गैरकाष्ठ वन पैदावार तथा नगदेबाली खेती गर्न सहयोग गरिनेछ ।' सरकारले उत्पादनचक्र सुरु हुनुपूर्व नै आधारभूत कृषि उपज तथा पशुजन्य उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिने र तीनै तहको सहकार्यमा न्यूनतम समर्थन मूल्य तोकिएका कृषि उपज खरिद एवम् व्यावसायिक उत्पादकसँग अग्रीम खरिद सम्झौता गर्नेव्यवस्था मिलाउने भएको छ । त्यस्तै, कृषि उत्पादनको वितरणलाई सहज बनाउन निजी र सहकारी क्षेत्रको संलग्नतामा भण्डारण क्षमता वृद्धि गरिने सरकारको नीति छ । 'माटोको उर्वराशक्तिको दिगो व्यवस्थापन गर्न गुणस्तरीय रासायनिक मलको आपूर्ति सुनिश्चित गरिनेछ', राष्ट्रपति पौडेलले भने, 'मलखादको आयात, गुणस्तर अनुगमन र वितरण थप व्यवस्थित र पारदर्शी बनाइनेछ, माटोको अम्लीयपना घटाउन र उत्पादन वृद्धि गर्न प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरिनेछ ।' निजी क्षेत्रसमेतको सहभागितामा कृषि बजार संरचना निर्माण र सञ्चालन गरिनेछ र कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनको बजारीकरणको नियमन संयन्त्र विकास गरिने नीति छ । आयातित खाद्यान्न एवम् तरकारीमा विषादी परीक्षणको दायरा बिस्तार गरिने र स्वस्थ र गुणस्तरीय कृषि उपजको ओसारपसार सुनिश्चित गर्न नियामक निकायको क्षमता बढाइने नीति छ । त्यस्तै, खाद्य प्रयोगशालालाई क्रमशः अन्तर्राष्ट्रिय प्रत्यायनयुक्त प्रयोगशालामा स्तरोन्नति गरिने सरकारको नीति छ । 'कृषि तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रक्षेपण गरी बजार सूचना प्रणाली विकास गरिनेछ, सम्भाव्यताको आधारमा महानगर तथा उप–महानगरपालिकामा चिस्यान कक्षसहितका बहुतले कृषि तथा फलफूल थोकबजारसञ्चालनमा ल्याइनेछ', सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ । सरकारले युवा कृषक तथा उद्यमीसँगको साझेदारीमा वडास्तरमा नमूना फार्म स्थापना गरीसिकाइ केन्द्रको रूपमा विकास गरिने र कृषि अनुसन्धानका कार्यक्रम किसानका समस्या र बजारको मागअनुरूप निर्देशित हुने व्यवस्था मिलाइने नीति छ । त्यस्तै, सङ्घीय संरचना अनुकूलको कृषि अनुसन्धान नीति तर्जुमा गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

# राष्ट्रपतिबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत



**रासस**
**काठमाडौँ ।**
सङ्घीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भएको छ । बैठकको शुभारम्भमा राष्ट्रपति पौडेललाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारको आगामी आवको नीति तथा कार्यक्रम पेस गरेका थिए । राष्ट्रपतिबाट सरकारको वार्षिक बजेटअघि सङ्घीय संसद्को दुवै सदनमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अभ्यास रहँदै आएको छ । संयुक्त बैठकका विशेष अतिथिका रुपमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, पूर्वसभामुख अग्निप्रसाद सापकोटा, संवैधानिक निकायका प्रमुख, नेपाल सरकारका मुख्यसचिव डा वैकुण्ठ अर्याल, प्रधानसेनापति प्रभुराम शर्मा, नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, नागरिक समाजका अगुवा, सञ्चार क्षेत्रका व्यक्तिहरुको उपस्थिति छ ।
सम्बोधनका लागि राष्ट्रपति पौडेल नयाँ वानेश्वरस्थित संसद भवन परिसरमा पुग्दा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, प्रतिनिधिसभाका उपसभामुख इन्दिरा राना, राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरे, कानुन, नयाय तथा संसदीय मामिलामन्त्री पदम गिरी, संसद् सचिवालयका महासचिव पदमप्रसाद पाण्डेयलगायतले स्वागत गरेका थिए ।
सो अवसरमा नेपाली सेनाले एक टुकडीले सम्मान गारत अर्पण गरेको थियो । संसद् सचिवालयले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसरलाई राष्ट्रिय झण्डा र तोरणद्वारा झकिझकाउ बनाएको छ भने पानीका फोहरालगायत विशेष आकर्षणको प्रबन्ध गरेको छ ।

# बुढीगण्डकी र नलगाडको निर्माण सुरु गरिने

**रासस**
**काठमाडौँ ।**
सरकारले आगामी आर्थिक वर्षदेखि दुई ठूला जलविद्युत् आयोजनाको निर्माण सुरु गर्ने भएको छ । निर्माणमा जान तयार रहेका ती आयोजनाको आवश्यक स्रोतको जोहो गरेर निर्माण सुरु गरिन लागेको हो । सङ्घीय संसदको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१÷८२ को सरकारको नीति तथा कार्यक्रममा बुढीगण्डकी जलविद्युत् आयोजना र नलगाड जलाशययुक्त आयोजनाको निर्माण अगाडि बढाउने उल्लेख छ । एक हजार दुई सय मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणको पूर्व तयारीको काम सम्पन्न भइसकेको छ । मुआब्जा वितरणलगायतका काम अन्तिम चरणमा पुगेको छ । आयोजनाको शीघ्र शिलान्याश गर्ने प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बताउँदै आएका छन् । धादिङ र गोरखाको सीमा भएर बहने बुढीगण्डकी नदीमा निर्माण हुने सो आयोजनालाई बहुउद्देश्यीय बनाउने समेत सरकारको सोच छ । यस्तै, चार सय १७ मेगावाट क्षमताको नलगाड आयोजनाको समेत विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ । सो आयोजना निर्माणका लागि सरकारले आवश्यक तयारी गरेको छ । सरकारले नीति तथा कार्यक्रममा जलस्रोतको समग्र विकास र उपयोगका लागि राष्ट्रिय ऊर्जा नीति र जल तथा मौसम विज्ञान नीतिका साथै जलस्रोत, ऊर्जा दक्षता तथा नवीकरणीय ऊर्जा, सिँचाइ, नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन सम्बन्धी कानून कार्यान्वयनमा ल्याउने भएको छ । नदी बेसिन गुरुयोजनाअनुसार जलस्रोतको समुचित संरक्षण, संवद्र्धन तथा अधिकतम उपयोग गर्ने लक्ष्य निर्धारण गरिएको छ । आगामी आर्थिक वर्षभित्र राष्ट्रिय प्रणालीको कुल विद्युत् जडित क्षमता चार हजार पाँच सय मेगावाट बराबर पुग्नेछ । चालु आवको अन्त्यसम्म नै कूल जडित क्षमता तीन हजार पाँच सय मेगावाट बराबर पुग्दैछ । प्रतिव्यक्ति विद्युत् खपत चार सय ५० किलोवाट घण्टा पु¥याउने सरकारको लक्ष्य छ । हाल प्रतिव्यक्ति विद्युत् खपत तीन सय ८० किलोवाट घण्टा बराबर पुगेको छ । सौर्य ऊर्जाको समेत विद्युत् खरिद सम्झौता गरी ऊर्जा मिश्रणको अवधारणा कार्यान्वयनमा ल्याउने सरकारको नीति तथा कार्यक्रममा समावेश छ । दुधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माणपूर्वका कार्य सम्पन्न गर्ने सरकारको योजना छ । सो आयोजनामा एशियाली विकास बैंकलगायतका बहुपक्षीय दातृ निकायले लगानीको प्रतिबद्धता जनाएका छन् । त्यस्तै, माथिल्लो अरुण जलविद्युत् आयोजनामा समेत विश्व बैंक, एशियाली विकास बैंकलगायतले लगानीको प्रतिवद्धता जनाएको छ । यसैगरी, फुकोट कर्णाली, तामाकोशी–५, जगदुल्ला, चैनपुर सेती जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनसहित कार्यान्वयन सुरु गर्ने सरकारको संकल्प छ । रेमिट हाइड्रोको अवधारणामा घुन्सा र सिम्बुवा जलविद्युत् आयोजनाको निर्माण सुरु गर्ने सरकारको लक्ष्य छ । कूल १० हजार आठ सय मेगावाट क्षमताको कर्णाली–चिसापानी जलविद्युत् आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरिने भएको छ । सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन कार्य नेपाल विद्युत् प्राधिकरणले गरिरहेको छ । राष्ट्रिय तथा अन्तरदेशीय उच्च क्षमताका विद्युत् प्रसारण लाइनको सुदृढीकरण, बिस्तार एवम् स्तरोन्नति गर्ने सरकारको योजना छ । त्यस्तै, हेटौँडा–ढल्केबर–इनरुवा प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । बुढीगण्डकी कोरिडोर प्रसारण लाइन, न्यू बुटवल–गोरखपुर खण्डको प्रसारण लाइन निर्माण अघि बढाउने सरकारको लक्ष्य छ । यसैगरी, इनरुवा–पूर्णिया र दोदोधारा–बरेली अन्तरदेशीय प्रसारण लाइनको लगानी विधि तय गरी निर्माण प्रारम्भ गर्ने महत्वाकाक्षी लक्ष्य सरकारले लिएको छ । राष्ट्रिय विद्युत् प्रणालीमा नजोडिएका र विद्युत् पहुँच नपुगेका क्षेत्रमा लघु तथा साना जलविद्युत्, सौर्य एवम् वायु ऊर्जा प्रविधिमार्फत विद्युतीकरण गर्ने सरकारको नीति छ । आगामी आर्थिक वर्षभित्र कर्णाली र सुदूरपश्चिम प्रदेशका बाँकी क्षेत्रमा विद्युतीकरण गर्ने सरकारको योजना छ । विद्युत् वितरण सबस्टेसनलाई स्वचालित बनाउने एवम् स्थानीय तहसमेतको समन्वयमा स्मार्ट मिटर वितरण गर्ने कार्यक्रम अगाडि सारिएको छ । सिँचाइ, कृषि र कृषिमा आधारित उद्योगले खपत गर्ने विद्युत्मा सहुलियत प्रदान गरिनेछ । परम्परागत ऊर्जा र एलपी ग्यासलाई प्रतिस्थापन गर्न बायो ग्यास, विद्युतीय चुलो, सुधारिएको चुलोलगायतका स्वच्छ एवम् किफायती प्रविधिको प्रवद्र्धन तथा बिस्तार गर्ने योजना अगाडि सारिएको छ । चालु आर्थिक बर्षको नीति तथा कार्यक्रममा ऊर्जामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो ।
सोही बमोजिम झण्डै ९८ प्रतिशत नागरिकमा ऊर्जाको पहुँच पुगेको छ । ठूला जलाशययुक्त आयोजना अगाडि बढाउने, प्रमुख सहरमा भूमिगत विद्युत् वितरण प्रणालीको विस्तारलगायतका कार्यक्रम चालु आवमा अगाडि बढाइएको थियो ।

# जसपा मधेश प्रदेश संयोजकमा यादव



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनता समाजवादी पार्टी नेपालबाट विभाजित भएर बनेको जसपाले पूर्व प्रदेश सभा सदस्य अशोककुमार यादवलाई मधेश प्रदेश संयोजक तोकेको छ।

यादवलाई मधेश प्रदेश संयोजकको जिम्मेवारी दिइएको जसपाका महासचिव मोहम्मद इस्तियाक राईले जानकारी दिए। उनका अनुसार प्रदेश संयोजक यादवलाई संगठनको कामकाज गर्ने पूर्ण जिम्मेवारी दिइएको छ। यादव २०७४ सालको निर्वाचनमा तत्कालीन जनता समाजवादी पार्टीबाट सर्लाही क्षेत्र नम्बर २ (२) मा निर्वाचित भएका थिए। विभाजनपछि अशोक राई नेतृत्वको जसपा आक्रमण रुपमा संगठन पुनर्गठनमा लागेको छ। निर्वाचन आयोगले जसपा नेपालबाट निर्वाचित प्रदेश सभा सदस्य र स्थानीय तह प्रतिनिधिहरुलाई जसपामा जाने/नजाने बारे स्राखत गर्न समय दिएको छ। जसपाका नेताहरु उनीहरुलाई आफ्नो दलमा ल्याउन कसरत गरिरहेका छन्।

# स्व.जिपी कोइरालाको शालिक पुनःस्थापना



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा ९ वर्षपहिले मधेश आन्दोलनका क्रममा आन्दोलनकारीले तोडफोड गरेर भत्काएका पूर्वप्रधानमन्त्री स्व.गिरिजाप्रसाद कोइरालाको शालिक पुनःस्थापित गरिएको छ। वीरगंज महानगरपालिका वडा नम्बर २ छपकैयाको इदगाह चोकमा नेपाली कांग्रेसका पूर्वसभापतिसमेत रहेका स्व. कोइरालाको शालिक पुनःस्थापना गरिएको हो। २०७२ भदौ १५ गतेका दिन आन्दोलनकारीले तोडफोड गरेर शालिक भत्काइदिएका थिए। त्यही स्थानमा जिपी कोइराला फाउण्डेशनले अहिले फेरि स्व. कोइरालाको पूर्ण कदको नयाँ शालिक निर्माण गरी स्थापना गरेको छ। फाउण्डेशनका मधेस प्रदेश अध्यक्ष महम्मद शाहबुद्धिनले मधेश प्रदेश सरकारबाट प्राप्त १६ लाख रुपैयाँ बजेटबाट शालिक निर्माण गरी स्थापना गरिएको बताए। पित्तल लगायतका धातुबाट निर्मित करिब ६ फिट उचाईको शालिक ११ लाख रुपैयाँमा काठमाडौँबाट खरिद गरेर ल्याइएको उनले जानकारी दिए। मधेश प्रदेश सरकारबाट प्राप्त कूल १६ लाख रुपैयाँ बजेटमध्ये ११ लाख रुपैयाँमा शालिक खरिद गरिएको र बाँकी ५ लाख रुपैयाँ शालिक राखिएको पार्कको मर्मत सम्भार र सौन्दर्यकरणमा खर्च गरिएको उनले बताए। शालिकको अनावरण गिरिजाप्रसाद कोइरालाको १०१ औं जन्मदिनको अवसर पारी आगामी असार १८ गते कांग्रेस सभापति शेरबहादुर देउवाले गर्ने कार्यक्रम रहेको अध्यक्ष सहाबुद्दिनले जानकारी दिए।

# दिवा खाजामा प्रधानाध्यापकको लापरवाही

**मधेशदृष्टि**
**वीरगंज।**
पोखरिया नगरपालिका वडा नम्बर २ लमरियामा रहेको नेपाल राष्ट्रिय रामचन्द्र राउत सलोतरी देवी अहिर प्राथमिक विधालयमा प्रधानाध्यापकको लापरवाहीका कारण बालबालिकाले दिवा खाजा खान नपाएको गुनासो बढेको छ। विद्यालयमा ६ कक्षासम्म अध्ययन हुने र विद्यार्थी संख्या भने अत्यन्त न्युन रहेको छ। बाल बिकास कक्षामा ३० जना, कक्षा १ र २ मा ३९ जना, कक्षा ३ र ४ मा ५ जना, कक्षा ५ मा ६ जना र कक्षा ६ मा ११ जना विधार्थी संख्या रहेका छन्।

त्यहाँ अध्ययनरत विद्यार्थीलाई विद्यालयले दिवा खाजा नदिँदा विद्यार्थीहरु दिउँसो घर फर्किने गरेको अभिभावकहरुको गुनासो छ। यता, प्रधानाध्यापक प्रयाग साहले पोखरिया नगरपालिकाले पैसा नपठाएको कारण बालबालिकाको दिवा खाजा बन्द भएको दाबी गरेका छन्। तर, पोखरिया नगरपालिकाको शिक्षा शाखा प्रमुख विजय कुमार झाले खाजा बन्द भएको कुरा आफुलाई प्रधानाध्यापकले जानकारी नदिएको बताउँदै उपस्थित विद्यार्थी संख्या विद्यालयले नपठाउँदा समस्या भएको जानकारी दिए। सरकारले एक विधार्थी बराबर १५ रुपियाँको दरले दिवा खाजा भत्ता उपलब्ध गराउँदै आएको छ।

# उपेन्द्र कमजोर हुँदा मधेशमा सिकेलाई अवसर





**मधेशदृष्टि**
**वीरगंज।**
पार्टी विभाजनसँगै मधेश राजनीतिको प्रमुख खेलाडीमध्येका एक उपेन्द्र यादव कमजोर बनेका छन्। प्रभावशाली सहयात्रीसहित संघका ७ सांसदले साथ छाडेपछि उपेन्द्र अहिले ५ सांसदका नेतामा खुम्चिएका छन्। पार्टी विभाजनपछि विक्षिप्तजस्तै बनेका उपेन्द्रले सोमबार उपप्रधान तथा स्वास्थ्यमन्त्रीबाट राजीनामा दिइसकेका छन्। केन्द्रको सत्ता समीकरणबाट बाहिरिएका उनलाई अब मधेश प्रदेशको सरकार जोगाउन पनि चुनौती छ। नेकपा एमाले र माओवादी केन्द्रले समर्थन फिर्ता लिएसँगै जसपा नेपालका मुख्यमन्त्री सरोजकुमार यादवको मधेश सरकार संकटमा परेको छ। 'ओरालो लागेको मृगलाई बाच्छाले पनि लखेट्छ' भनिएझैँ यही मौकामा उपेन्द्रका मुख्य प्रतिस्पर्धी सीके राउत नेतृत्वको जनमत पार्टी 'चौका' हान्ने दाउमा छ। पहिल्यै मधेशको नेतृत्व पाइसक्नुपर्नेमा जसपाकै कारण नपाएको आरोप लगाउँदै आएको उसले अब भने कुनै हालतमा मुख्यमन्त्री पाउनैपर्ने अडान राखेको छ। 'हाम्रो बटमलाइन मुख्यमन्त्री हो। जनमत काम गर्नलाई सरकारमा जाने हो, १÷२ थान मन्त्रीका लागि होइन। मुख्यमन्त्री नपाएसम्म काम गरेर देखाउन सकिँदैन', जनमतका सचिव वीपी साह भन्छन्, 'यसका लागि दलहरूसँग कुराकानी भइरहेको छ। मलाई लाग्छ एमाले माओवादीलगायतका दलहरूले पनि यो कुरामा कन्सिडर गर्नुहुन्छ र हामीलाई नेतृत्व गर्ने मौका दिनुहुन्छ।' त्यसो त मुख्यमन्त्रीका लागि चौका हान्ने अवसर हेरिरहेको जनमतका अध्यक्ष सीके राउत र उपेन्द्रबीचको राजनीतिक द्वन्द्व नयाँ होइन। ०७९ को आमनिर्वाचनमा सप्तरी–२ मा प्रतिस्पर्धी बनेयता उनीहरूबीच अझै शीतयुद्ध जारी छ। आमनिर्वाचनमा सीकेले बाजी मार्दा उपेन्द्र नराम्रोसँग पराजय बेहोरे तर पछि बारा–२ को उपनिर्वाचनबाट उपेन्द्र संसद् प्रवेश गरिछाडे। उपेन्द्रलाई नै मधेशको मुख्य प्रतिस्पर्धी मानेका सीकेले उपनिर्वाचन हराउन गच्छेले भ्याएसम्मको शक्ति नलगाएका पनि होइनन् तर तत्कालीन सत्ता गठबन्धनको बलियो साथ पाएका उनलाई रोक्न सकेनन्। एकले अर्कालाई देखि नसहने यी दुई नेता सार्वजनिक मञ्चबाट समेत बेलाबखत एकअर्काविरुद्ध विभिन्न टीकाटिप्पणी र आरोप प्रत्यारोपमा उत्रिन्छन्। करिब ४ महिना अघि राजविराजस्थित कृषि विश्वविद्यालयको भवन शिलान्याश गर्ने क्रममा उनीहरूबीचको टकराव उत्कर्षमा पुगेको थियो। सोही क्षेत्रबाट पराजित उपेन्द्र यादवलाई प्रमुख अथिति बनाइएपछि दुवै पक्ष भौतिक आक्रमणको स्थितिमा पुगे। यसैको परिणामस्वरुप जनमत पछि जसपा नेतृत्वको सरकारबाट बाहिरिएको थियो। जनमतले मधेश सरकारमा जसपा रहँदा भ्रष्टाचार र बेथिति मौलाएको गम्भीर आरोप लगाउँदै आएको छ। उसले भ्रष्टाचारका विभिन्न ३० काण्डसमेत सार्वजनिक गरेको छ। अब आफू सरकारको नेतृत्वमा पुगे ती सबैको छानबिन गरेर जसपालाई मधेशबाट 'बढार्ने' उसको योजना छ। 'पहिलाको ५ वर्ष र अहिलेको जति पनि बेथिति छन्, करिब ३० वटा ठूला भ्रष्टाचारका काण्डहरू छन्', जनमतका सचिव साहले भने, 'हाम्रो नेतृत्वका सरकार बने पक्कै पनि यी काण्डहरूको छानबिन गर्छौं। त्यहीँबाट काम शुरु गर्छौं।' नयाँ बनेको जसपाकै सांसदहरूले जसपा नेपालको सरकारले गरेका भ्रष्टाचारबारे आवाज उठाउँदै आएको उनको दावी छ। उनले भने, 'नयाँ जसपाकै सांसहदरूले भन्दै आउनुभएको छ। नाम किन लिनु। यही ठूलो प्रमाण हो।' जसपाको बहिर्गमनसँगै केन्द्रको सत्ता समीकरणमासमेत जनमतको 'इन्ट्री' हुन सक्ने देखिएको छ। आफूले रोजेको मन्त्रालय पाए संघ सरकारमा पनि सामेल हुनेबारे सोच्न सकिने प्रवक्ता यादवले बताए। 'हाम्रो सरोकार भनेको जनताको काम हो। यसलाई सम्बोधन गर्न सक्ने वातावरण बन्छ र त्यही किसिमका मन्त्रालय पाए जनमत विचार गर्न सक्छ, केन्द्रमा पनि', उनले भने। केन्द्र र प्रदेश सबैतिर संकटले घेरिएका उपेन्द्र भने कम्तिमा मधेश सरकार गुमाउन चाहँदैनन्। त्यसका लागि अन्य दलहरूसँगको संवाद गरिरहेका छन्। सोमबार बिहानमात्र पनि उनले लोसपा अध्यक्ष महन्थ ठाकुरसँग भेट गरेर मधेशमा आफूलाई सघाउन आग्रह गरेका छन् तर लोसपा एमाले, माओवादी र जनमतसँग नयाँ सरकार गठनका लागि संवादमा छ। लोसपासँग मात्र नभई प्रमुख राजनीतिक शत्रु जनमतसँगसमेत संवाद भइरहेको जसपा नेपालका मधेश सांसदसमेत रहेका रामआशिष यादवले बताए। कांग्रेस र नेकपा एस आफूहरूकै पक्षमा रहेका उनको दाबी छ। '३० दिनअघि नै मुख्यमन्त्रीले विश्वासको मत लिनुहुन्छ', उनले भने, 'पहिला पनि हामीले कांग्रेससँग सहकार्य गरेको हो। फेरि पनि हामीले कांग्रेससँग सरकार बनाउँछौँ। जसपाको सरकार मधेशमा ढल्दैन। लोसपासँग कुरा भइरहेको छ। नेकपा एस हाम्रै साथमा छँदैछ।' एमाले माओवादीसँग जनमतले समेत सहकार्य नगर्ने नेता यादवको दाबी छ। 'जनमत एमाले माओवादीसँग जाँदैन। हाम्रो उहाँहरूसँग पनि कुरा भइरहेको छ', उनले भने, 'जनमत र जसपा नेपाल दुई दाजुभाइ हुन्। त्यसकारण झगडा हुन्छ र मिल्छन् पनि। हाम्रो मुद्दा पनि करिब एउटै छ।' जनमत पार्टीले नयाँ राजनीतिक एजेन्डा नौलो गणतन्त्र तथा समाजिक लोकतन्त्रको आन्दोलनको घोषणा यहीँ जेष्ठ १५ गते भृकुटीमण्डप काठमाडौँमा गर्दैछ। पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउतको आह्वानमा काठमाडौमा हुने बृहत् सभा एवम् प्रदर्शनलाई भब्य रुपमा सफल बनाउन जनमत पार्टी, पर्साले जिल्लाको प्रचारप्रसार तीब्रता दिएको जिल्ला अध्यक्ष ओमप्रकाश सरार्फले बताए।

# बिहारका पूर्व उपमुख्यमन्त्री मोदीको निधन



**मधेशदृष्टि**
**वीरगंज।**
भारतको बिहारका पूर्व उपमुख्यमन्त्री सुशील कुमार मोदीको निधन भएको छ। क्यान्सरसँग लडिरहेका मोदीको सोमबार दिल्लीको एम्स अस्पतालमा उपचारको क्रममा निधन भएको हो। उनी क्यान्सरसँग लडिरहेका थिए र दिल्लीको एम्स अस्पतालमा उपचार गराइरहेका थिए। लोकसभा चुनावको घोषणापछि सुशील मोदीले आफ्नो बिरामी भएको जानकारी सार्वजनिक गरेका थिए। उनले एक्समा लेखेका छन्, 'म विगत ६ महिनादेखि क्यान्सरसँग लडिरहेको छु। अब मलाई लाग्छ कि यस बारे मानिसहरूलाई बताउनुपर्छ। म लोकसभा चुनावमा धेरै गर्न सक्दिन।' त्यसयता उनी राजनीति र सामाजिक सञ्जालमा खासै सक्रिय देखिएनन्। मोदीको निधनमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखर, प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, बिहारका पूर्व मुख्यमन्त्री लालुप्रसाद यादव, तेजस्वी यादवलगायतका नेताहरूले गहिरो शोक व्यक्त गरेका छन्। प्रधानमन्त्री मोदीले एक्समा लेखेका छन्, 'पार्टीमा मेरा अमूल्य सहकर्मी र दशकौँदेखि मेरा साथी सुशील मोदी जीको असामयिक निधनबाट अत्यन्तै दुखी छु। बिहारमा भाजपाको उदय र सफलतामा उनको अमूल्य योगदान रहेको छ। आपतकालको कडा विरोध गर्दै उनले विद्यार्थी राजनीतिमा आफ्नो छुट्टै पहिचान बनाएका थिए। 'उहाँ एक धेरै मेहनती र मिलनसार विधायकको रूपमा चिन्नुहुन्थ्यो। उहाँसँग राजनीतिक मुद्दाहरूको गहिरो समझ थियो। उहाँले प्रशासकको रूपमा पनि सराहनीय काम गर्नुभयो।' लालु यादव र सुशील कुमार मोदीले विद्यार्थी राजनीतिबाटै करिब ५० वर्षदेखि एकअर्काको राजनीति हेर्दै आएका थिए। सुशील कुमार मोदीको निधनमा लालु यादवले एक्समा पोस्ट गरेका छन्। यसमा उनले आफू विगत ५१–५२ वर्ष अर्थात पटना विश्वविद्यालय विद्यार्थी युनियनको समयदेखिको साथी रहेको लेखेका छन्। 'उहाँ एक लडाकु, समर्पित सामाजिक राजनीतिक व्यक्ति हुनुहुन्थ्यो। दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन्।' सुशील मोदीलाई जेपी आन्दोलनको उपज मानिन्थ्यो। उनको विद्यार्थी राजनीति सन् १९७१ मा सुरु भएको थियो। त्यतिबेला उनी पटना विश्वविद्यालय विद्यार्थी युनियनको ५ सदस्यीय मन्त्रिपरिषद्को सदस्यमा निर्वाचित भएका थिए। १९७३ मा, उनी महासचिव निर्वाचित भएका थिए। त्यसबेला पटना विश्वविद्यालय विद्यार्थी संघको अध्यक्षमा लालुप्रसाद यादव र सहसचिव रविशंकर प्रसाद निर्वाचित भएका थिए। भारतीय जनता पार्टीका विचारधारा र संघका विचारधारा केएन गोविन्दाचार्यलाई सुशील कुमार मोदीको गुरु मानिन्छ।


## गरम हावा/लू से बचे खातिर यी बातसब ध्यान मे राखल जावो







- पानी अधिक पियल जावो ।
- दिनके १२ बजेसे ४ बजेके कडा घाममे सकभर घरसे ना निकलकल जावो ।
- सबेरे आ सझिया ही खेतबारी मे काम करल जावो ।
- घाम के समयमे घरसे बाहर निकलेके परे त पतला सुती के कपडा से मुडी आ चेहरा तोपल जावो । गम्छा, टोपी आ छाता के प्रयोग करल जावो ।
- जुत्ता के बदला खुल्ला चप्पल पहिरल जावो ।
- निम्बु पानी, नारियल पानी, छाछ, मट्ठा आ फलफूल जैसन पेय पदार्थ के सेवन करल जावो ।
- हल्का आ सुती के खुल्ला कपडा लगावल जावो ।
- गर्मी के समय मे बाजारके पैक करल खाना ना खाइल जावो ।
- ताजा फल, सलाद आ घरमे बनावल चिज ही खाइल जावो ।
- चक्कर, उल्टी, कपरबथी आ सास फेरे मे तकलिफ होखे त जल्दी से नजिक के अस्पताल वा स्वास्थ्य चौकी मे जचावल जावो ।
- बुढ-पुरनिया, बेमार आ दीर्घरोगी सबके विशेष खयाल कैल जावो ।

जनहितमे जारी सन्देश
मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन